# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७
## बहुदरमाई नगरपालिका
## पर्सा ।




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(प्रदेश नं. १ र प्रदेश नं. २ )

Phone : 4258174

4266034

4255707

A.G.Fax : 977-1-4268309

Fax : 977-1-4262798

Post Box : 13328

बबरमहल, काठमाण्डौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या:२०७६/७७

च.नं. २५६

मिति: २०७७/०३/३१

श्री प्रमुखज्यू,
बहुदरमाई नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय, पर्सा ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**


नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखपारीक्षण ऐन ,२०७५ को दफा २०(३) र दफा २२ प्रयोजनकोलागि अनुरोध छ ।

......................

(विन्दु विष्ट)

नायब महालेखापरीक्षक

## महालेखापरीक्षकको भनाई



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ। लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ। त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पु¥याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ। साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन्।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो। लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिकपूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पु¥याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु।

२०७७ असार २६ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(प्रदेश नं. १ र प्रदेश नं. २ )

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६।०७७
च.नं.२५६

मिति: २०७७।३।३१

श्री प्रमुखज्यू,
बहुदरमाई नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय, पर्सा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले बहुदरमाई नगरपालिका, पर्साको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु. ४ करोड ८९ लाख १६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.८० लाख २९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२ करोड ६३ लाख ६६ हजार, नियमित गर्नुपर्ने रु. २९ लाख २९ हजार, पेश्की बाँकी १ करोड १५ लाख ९२ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।१०।२९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्यौंट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना २९ यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमूख र प्रमुख प्रशासकिय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

.................
(विन्दु विष्ट)
नायब महालेखापरीक्षक

# बहुदरमाई नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

आर्थिक वर्ष २०७५।७६

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्धेश्यले यस नगरपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नगरपालिकाको कर्तव्य हो । यो नगरपालिका अर्न्तगत ९ वडा, ४९ नगर सभा सदस्य, ३१.५४ व.की.मी. क्षेत्रफल, ३९६७३ जनसंख्या रहेको छ । यो नगरपालिका २ नंम्वर प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचित कोषः–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगर कार्यपालिकाले बित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएका आयोजनाहरु समेतको आय-व्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी ०७४।०७५** | ० | | १ | **चालु खर्च** | ४११४९२२१।१० | |
| | क) नगद रु. | ० | | २ | **पूँजीगत खर्च** | १७७५८५८१७।०० | |
| | ख) बैंक मौज्दात रु. | १६०९७१४१६।६० | | ३ | **चालु । पुजिगत खर्च** | ५०७६२५।२५ | |
| २ | **राजस्व (आन्तरिक आय)** | ० | | ३.१ | **वित्तीय व्यवस्था भुक्तानी** | ० | |
| | **क) आन्तरिक राजस्व** | **१८३६००९।३३** | | | क) ऋण भुक्तानी | ० | |
| | **ख) राजस्व बाँडफाँड मालपोत रजिस्ट्रेसन शुल्क प्राप्त** | **११४५६८२८।००** | | | ख) ब्याज भुक्तानी | ० | |
| | **ग) अन्य आय** | **०** | | ४ | **लगानी** | ० | |
| ३ | **वित्तीय हस्तान्तरण संघ** | ० | | | ऋण लगानी | ० | |
| | क)वित्तीय समानीकरण अनुदान | ११९८०००००।०० | | | शेयर लगानी | ० | |
| | ख) सशर्त अनुदान | १३१३६४०००।०० | | | अन्य लगानी | ० | |
| | ग) समपूरक अनुदान | ० | | ५ | **धरौटी फिर्ता** | **१७१७८३७।००** | |
| | घ) विशेष अनुदान | ० | | ६ | **आन्तरिक आय खर्च** | **५२०५५।००** | |
| | ङ)राजस्व वाडफाड | ५११८९११२।६२ | | ७ | **अन्य विविध खर्च** | ५०।०० | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | ० | | ८ | **प्रदेश सरकार शर्शत कार्यकम खर्च** | ३३०००००।०० | |
| | क)वित्तीय समानीकरण अनुदान | २९५१०००।०० | | ९ | **सामाजिक सुरक्षा कार्यकम(भता वितरण)** | ४५५८१०००।०० | |
| | ख) सशर्त अनुदान | ३३०००००।०० | | १० | **झोलुंगे पुल कार्यकम अनुदान फिर्ता** | **२७००००००।००** | |
| | ग) समपूरक अनुदान | ०।०० | | ११ | **एलजिसिडिपी कार्यकम खर्च** | **३०५०००।००** | |
| | घ) विशेष अनुदान | ०।०० | | १२ | **बहुक्षेत्रिय पोषण कार्यकम संचालन खर्च** | १००१७००।०० | |
| | ङ)राजस्व वाडफाड | २५४४०००।०० | | १३ | **सडक बोर्ड कार्यकम खर्च** | ३२६४९१२।०० | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | ० | | १४ | **सर्शत विषयगत कार्यकम खर्च** | १३१३६४०००।०० | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | ० | | १५ | **प्रधानमंत्री रोजगार कार्यकम खर्च** | ३४३२०००।०० | |
| | क) ऋण प्राप्ति | ० | | १६ | **निर्वाचन क्षेत्र विकास कार्यकम खर्च** | ५५००००००।०० | |
| | ख) साँवा प्राप्ति | ० | | १७ | **मौज्दात** | ० | |
| | ग) ब्याज प्राप्ति | ० | | | **क) बैंक मौज्दात आन्तरिक आय खाता** | **१४७१२७२२।०१** | |
| | घ) अन्य प्राप्ति | ० | | | **ख) बैंक मौजदात धरौटी खाता** | **३५०७१२५।७३** | |
| ६ | **विभिन्न कोषतर्फको आय** | ० | | | **ग) मुल संचित कोष खाता** | **११३४९४८४३।४६** | |
| ८ | **जनसहभागिता (नगद)** | ० | | | | **०** | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | ० | | | | ० | |
| १० | **धरौटी आय** | २७११७३०।०० | | | | ० | |
| ११ | **लगानीको साँवा फिर्ता** | ० | | | | ० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | **सामाजिक सुरक्षा कार्यक्रम अनुदान प्राप्त** | ४५५८१०००।०० | | | | ० | |
| १२ | **झोलुंगे पुल कार्यक्रम निकासा प्राप्त** | २७०००००।०० | | | | ० | |
| १२ | **एलजिसिडिपी अनुदान प्राप्त** | ३०५०००।०० | | | | ० | |
| १२ | **बहुक्षेत्रिय पोषण कार्यक्रम अनुदान प्राप्त** | १००१७००।०० | | | | ० | |
| १२ | **सडक बोर्ड कार्यक्रम अनुदान प्राप्त** | २५१४९१२।०० | | | | ० | |
| १२ | **प्रधानमंत्री रोजगार कार्यक्रम अनुदान प्राप्त** | ३४३२०००।०० | | | | ० | |
| १२ | **निर्वाचन क्षेत्र विकास कार्यक्रम अनुदान प्राप्त** | ५५००००००।०० | | | | ० | |
| १२ | **अन्य विविध आय** | १७२००।०० | | | | ० | |
| | **जम्मा** | **५४९१७५९०८।५५** | | | **जम्मा** | **५४९१७५९०८।५५** | |

| बजेट उपशिर्षक : विभिन्न कार्यालय :- श्री बहुदरमाई नगरपालिकाको कार्यालय, पर्सा । आर्थिक बर्ष : २०७५/०७६ | | |
|---|---|---|
| **दफा** | **लेखापरीक्षणबाट देखिएको व्यहोरा** | **रकम** |
| १. | **आर्थिक विवरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ अनुसार नगर कार्यपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्ने व्यवस्था छ । नगर कार्यपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको स्थिति समेत मुल्यांकन गर्न सकिने स्थिति देखिएन । | |
| २. | **वित्तीय विवरण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगर कार्यपालिकाले प्रत्येक वर्ष साउन एक गते देखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । साथै नगर कार्यपालिकाले सोही ऐनको दफा ६९ मा तोकीए अनुसार आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्ने व्यबस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्:<br>● लेखापरीक्षणका क्रममा अद्यावधिक पेश्की खाता नराखेकोले कार्यालयले पेश गरेको आय-व्यय विवरण यथार्थ मान्न सकिएन ।<br>● जिन्सी खाता अद्यावधिक र प्रमाणित नभएको ।<br>● बैक नगदी किताब प्रमाणित नभएको ।<br>त्यसैले तोकिए बमोजिमका वित्तीय विवरणहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी आय व्ययको लेखांकन गर्नुपर्दछ । | |
| ३. | **क्षेत्रगत बजेट र खर्चको स्थितिः** मिति २०७५/६/२२ मा नगरसभाबाट पारित क्षेत्रगत कार्यक्रम र बजेट खर्च स्थिति देहाय बमोजिम रहेको छ: । | |

| क्र. स. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत (जम्मा खर्चको तुलनामा) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १७५३७०००.०० | १५०५५५५०.०० | ८५.८५ |
| २ | पुर्वाधार विकास | २१८१९७२०४.१६ | १७७५८५८१७.०० | ८१.३८ |
| ३ | सामाजिक विकास | २०८२३८०००.०० | १६४३००५५०.०० | ७८.८४ |
| ४ | वातावरण तथा विपद व्यवस्थापन | ९१०६०००.०० | ९०४१७१२.०० | ९८.९० |
| ५ | संस्थागतविकास, सेवा प्रवाह र सुशासन | २०९५००००.०० | ८०५०८५०.०० | ३८.४२ |
| ६ | अन्य प्रशासनिक | ७०२७००००.०० | ४११४९२२१.१० | ५८.५४ |
| | **जम्मा** | **५४४२९८२०४.१६** | ४१५१८३७००.१० | |

उपरोक्त विवरण अनुसार नगरसभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी ९८.९० प्रतिशत र घटीमा ३८.४२ प्रतिशत रहेको छ । घटी कार्यक्रम सञ्चालन हुनाको कारण स्पष्ट पार्नु पर्दछ ।

**बजेट उपशिर्षक : विभिन्न** **कार्यालय :- श्री बहुदरमाई नगरपालिकाको कार्यालय, पर्सा ।** **आर्थिक बर्ष : २०७५/०७६**

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| ४. | **पूर्वाधार तर्फको क्षेत्रगत बजेट र खर्चको स्थिति :** नगर सभाबाट पारित वित्तीय समानीकरण पूर्वाधार तर्फको क्षेत्रगत कार्यक्रम र बजेट व्यवस्थापनको स्थिति देहाय बमोजिम रहेको छ: | |

| क.स. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत (कुल पूर्वाधार बजेट खर्चको तुलनामा) |
|---|---|---|---|---|
| १ | सडक मर्मत( विजुलीको पोल सार्ने कार्य समेत) | २०५४४५००.०० | ११७१७६८३.०० | ५५.५० |
| २ | सडक निर्माण | १४५४६७२०४.१६ | १२५५७७६३४.०० | ८६.३२ |
| ३ | भवन निर्माण र मर्मत (विधालय,मठ,मस्जिद) | १५६२०५०० | १०१२५०००.०० | ६४.७५ |
| ४ | खानेपानी धारा जडान | २५००००० | २४००५००.०० | ९६ |
| ५ | पक्की नाला निर्माण | १४०५०००० | १२२२५०००.०० | ८५ |
| ६ | सडक बत्ती जडान | १४५००००० | १३३५००००.०० | ९२ |
| ७ | सिंचाई | ४४६५००० | १७८५०००.०० | ३८.६४ |
| ८ | भु-क्षय तथा ढल व्यवस्थापन | ०.०० | ०.०० | ० |
| ९ | शौचालय | ०.०० | ०.०० | ० |
| १० | खेलमैदान | ०.०० | ०.०० | ० |
| ११ | झोलुङ्गे पुल | ०.०० | ०.०० | ० |
| १२ | सार्वजनिक जग्गा संरक्षण | १०५००००.०० | ४०५०००.०० | ४३ |
| | **जम्मा** | **२१८१९७२०४.१६** | **१७७५८५८१७.००** | **८१** |

उपरोक्त विवरण अनुसार नगर कार्यपालिकाले भौतिक पूर्वाधार तर्फको बजेटबाट सार्वजनिक निर्माण बजेट खर्च गरेको भए पनि भुक्षय तथा ढल व्यवस्थापन, झोलुङ्गे पुल, शौचालय तथा खेल मैदान निर्माणमा शून्य प्रगति भएको देखियो । अन्य कार्यक्रममा पनि स्वीकृत लक्ष्य अनुसार प्रगति हुन सकेको छैन । कार्यान्वयन गर्न नसकिने गरी बजेट तथा कार्यक्रम स्विकृत गर्नु हुदैन ।

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| ५. | **आयको अनुमान:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले नगर कार्यपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । नगर कार्यपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.५० लाख ५० हजार आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७५।७६ मा रु. १,३२,९२,८३७.३३ अर्थात अनुमान भन्दा १६३।२२ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्ने र संघिय अनुदान घटाउदै लाने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| ६. | **आन्तरिक आय:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले नगर कार्य पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । नगर कार्यपालिकाले आर्थिक वर्ष २०७५।०७६ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ । | |

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| १८,७४,००,०००.०० | १,३२,९२,८३७.३३ | ७ .०९ प्रतिशत |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ७.०९ प्रतिशत मात्र रहेको छ । त्यसैले नगर कार्यपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गरी आत्मनिर्भर बन्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| ७. | **आय-व्ययको लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नगर कार्य पालिकाले नेपाल सरकारले निर्धारण गरेबमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शीर्षकसम्बन्धी व्यवस्था | |

| बजेट उपशिर्षक : विभिन्न | कार्यालय :- श्री बहुदरमाई नगरपालिकाको कार्यालय, पर्सा । आर्थिक बर्ष : २०७५/०७६ | |
|---|---|---|
| **दफा** | **लेखापरीक्षणबाट देखिएको व्यहोरा** | **रकम** |
| | अवलम्बन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष एकल खाता कोष प्रणालीबाट सञ्चालन गरी भुक्तानी गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता, बहुक्षेत्रीय पोषण, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको बजेट स्थानीय तहको सञ्चित कोषमा जम्मा गरेर खर्च गरेको, चालु र पूँजीगत खर्च शीर्षकको विनियोजन तथा नेपाल सरकारको आय तथा व्यय शीर्षकको शीर्षकगत लेखाङ्कन पालना स्थिति कमजोर रहेको, योजनागत खाता अद्यावधिक हुन नसकेको देखिन्छ । कार्यालयले तोकिएको विनियोजन तथा खर्च प्रणाली अवलम्बन गर्दै आय तथा व्ययको शीर्षकगत परिपालनामा विशेष ध्यान दिनुपर्दछ । | |
| ८. | **मध्यकालिन खर्च संरचना :** अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्यक्षेत्र भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहीत मध्यकालिन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । नगर कार्यपालिकाले सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउने मध्यमकालिन खर्च संरचना कार्यान्वयनमा ल्याएको छैन । स्रोतको बितरणमुखी प्रवृत्तिलाई नियन्त्रण गर्न, स्रोतसाधनलाई प्राथमिकताप्राप्त क्षेत्रमा प्रवाह गर्न तथा योजनाहरुलाई लागतलाभ विश्लेषण गरी लागतप्रभावी बनाउन मध्यकालिन खर्च संरचनालाई कार्यान्वयन गर्न कार्यालयले ध्यान दिनुपर्दछ । | |
| | **नियमितताको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| ९. | **आन्तरीक नियन्त्रण :** स्थानीय सरकार सञ्चालन एने, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रर्णाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । नगर कार्यपालिका तथा वडा कार्यालयहरुले आन्तरीक लेखापरीक्षण नगराएको, राजश्व आम्दानी गर्दा दैनिक आम्दानी रजिस्टर नराखेको, समयमा राजश्व दाखिला नगरेको, कर्मचारीलाई कार्यबिबरण नदिएको, जोखिम पहिचान नगरेको, सोझै खरीद गरेको लगायतका कमि कमजोरीहरु देखिएकोले नगर कार्यपालिकाको आन्तरीक नियन्त्रण प्रणाली प्रभाबकारी छैन ।यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्:<br>• नगर कार्यपालिकाले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको छैन ।<br>• नगर कार्यपालिकामा समयोजन भई आएका साविकका गा.वि.स. र विषयगत कार्यालयबाट हस्तान्तरण भई आएका जिन्सीको अवस्था देखिने गरी विवरण तयार गरेको छैन ।<br>• नगर कार्यपालिकाको वडा कार्यालय र विषगत शाखामा छुट्टा छुट्टै जिन्सी खाता राखेको र जिन्सी सामानको एकीकृत विवरण समेत नबनेको,<br>• नगर कार्यपालिकाको मूल जिन्सी खातामा सबै जिन्सी सामानको आम्दानी नजनाई वडागत रुपमा जिन्सी खाता तयार गरेबाट जिन्सी सामान एकिन गर्न नसकिएको ।<br>• कतिपय कारोबारहरु मूल्य अभिवृद्धि कर बेगरका फर्मसँग गरेको ।<br>• नगर कार्यपालिका क्षेत्र भित्र कोष प्रमाणित तथा भ्रमण प्रतिवेदन बेगर अनुगमन तथा दैनिक भ्रमण भत्ता खर्च लेख्ने गरेको ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रम समेत बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठी तर्फ केन्द्रीत भई वितरणमुखी मात्र देखिएको ।<br>• सार्वजनिक खरिद नियमावली बमोजिम कार्यालयले खरिद गुरु योजना तथा वार्षिक खरिद योजना तयार नगरी खरिद कारबाही संचालन गरेको ।<br>• नगर कार्य पालिकाले तोकिए बमोजिम Sub-National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्नेमा सो गरेको छैन ।<br>• महालेखा नियन्त्रक कार्यालयबाट जारी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या अनुसार | |

| बजेट उपशिर्षक : विभिन्न | कार्यालय :- श्री बहुदरमाई नगरपालिकाको कार्यालय, पर्सा । आर्थिक बर्ष : २०७५/०७६ | |
|---|---|---|
| **दफा** | **लेखापरीक्षणबाट देखिएको व्यहोरा** | **रकम** |
| | एकीकृत आर्थिक संकेत प्रयोग गरेको छैन ।<br>• विगत वर्षको बेरुजु लगत अद्यावधिक गरेको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम श्रोत नक्सांकन वा नगर कार्य पालिकाको प्रोफाईल तयार गरेको छैन ।<br>अतः तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ । | |
| १०. | **आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै नियमित गराउनु पर्ने नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्ने असुल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले आ.व.२०७५।७६ को आन्तरिक लेखापरीक्षण गराएको छैन । ऐनमा भएको व्यबस्था कार्यान्वयन गरी आन्तरीक नियन्त्रण प्रणाली र वित्तिय अनुशासन मजबुत बनाउनु पर्दछ । | |
| ११. | **आ.ले.प.शाखा :** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगर कार्यपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| १२. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम नगर कार्यपालिका तथा नगर कार्यपालिकामा समाहित भएका साविकका नगर विकास समिति तथा नगर कार्यपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगर कार्यपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्ने व्यवस्था छ । यस नगर कार्यपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख एकिन गरी अध्यावधिक नगरेकोले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| १३. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख नगर कार्य पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगर कार्यपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| १४. | **तलबी प्रतिबेदन :** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले पालिका अन्तरर्गतका कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नगरी रु. ६३ लाख ९५ हजार तलबमा खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| १५. | **कर्मचारी व्यवस्था :** कार्यालयले उपलव्ध गराएको स्वीकृत दरबन्दी विवरण अनुसार स्थायी कर्मचारीको दरवन्दी ४७ रहेता पनि पदपूर्ति ४० मात्र रहेको देखियो । रा.प.तृतिय अधिकृत सहित ७ पद रिक्त रहेका छन् । ति मध्ये २३ जना करारमा राखी कार्यसञ्चालन गरिएको छ । जनशक्तिको अभावमा नगर कार्यपालिकाको | |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| | कार्यसम्पादन र सेवाप्रबाहमा समेत असर परेकाले दरबन्दी अनुसार पदपूर्ति गरिनुपर्दछ । | |

**१६.** **वडा सचिवको पदपूर्ति :** नगर कार्य पालिका अन्तर्गका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपूर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।

| वडा संख्या | वडा सचिवको दरवन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ९ | ९ | ७ | २ |

उपरोक्त विवरण अनुसार नगर कार्य पालिकाका ९ वटा वडा सचिव मध्ये ७ जनाको पदपूर्ति भई २ जनाको दरबन्दी रिक्त रहेको छ । यसले गर्दा वडाको काम कारबाहीमा प्रभावित हुने तथा दैनिक प्रशासनिक कार्यमा बाधापर्ने हुनाले यस तर्फ सम्बन्धित पक्षको ध्यान जानुपर्ने देखियो ।

**१७.** **चौमासिक खर्च:** नगर कार्य पालिकाले स्वीकृत भएको कार्यक्रमको चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । नगर कार्य पालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय अनुसार छः रकम रु. हजारमा

| क्र.सं. | बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| १. | पूँजीगत | १७७५८६ | १९७७७ | ५३१९० | १०४६१९ | ५१६१९ |
| | **प्रतिशत** | **१००.००** | **११.१३** | **२९.९६** | **५८.९१** | **२९.०६** |

उपलब्ध विवरण अनुसार पुजिगत तर्फ बार्षिक रु. १७ करोड ७५ लाख ८६ हजार खर्च भएकोमा प्रथम चौमासिकमा रु. १ करोड ९७ लाख ७७ हजार अर्थात ११.१३ प्रतिशत, दोश्रो चौमासिकमा रु. ५ करोड ३१ लाख ९० हजार, अर्थात २९.९६ प्रतिशत र तेश्रो चौमासिकमा रु. १० करोड ४६ लाख १९ हजार , अर्थात ५८.९१ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.५ करोड १६ लाख १९ हजार अर्थात २९.०६ प्रतिशत खर्च देखिनुले तस्रो चौमासिक र त्यसमा पनि आषाढमा आएर खर्चको चाप बढेको देखिन्छ । यसबाट पुजिगत खर्चमा मितव्ययीता, कार्यदक्षता र प्रभावकारीता देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यान्वयन गरिनुपर्दछ ।

**१८.** **न्यायिक समिति र न्याय सम्पादन :**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार नगर कार्य पालिकाको उप-प्रमुखको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ । नगर कार्यपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ ।

| दर्ता भएका विवाद | फछ्र्यौट भएका विवाद | फछ्र्यौट हुन बाँकी विवाद |
|---|---|---|
| ६५ | १० | ५५ |

उपरोक्त विवरण अनुसार प्राप्त विवादको समयमै निरुपण तथा फछ्र्यौट गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

## कार्यक्रमगत खर्चको लेखापरीक्षणबाट देखिएका व्यहोरा

**१९.** **लक्ष्य प्रगति :-** कार्यालयको चौमासिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजना मध्ये मुल कार्यक्रम ७३ र सहायक कार्यक्रम १०३ योजनाको नियम बमोजिमको उल्लिखत ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कार्यकारी, प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/ योजना | यो वर्ष कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्यप्रगति कार्यक्रम | २५% सम्म प्रगति भएका कार्यक्रम | ५०% सम्म प्रगति भएका कार्यक्रम | ७५% सम्म प्रगति कार्यक्रम |
| मूलकार्यक्रम सङ्ख्या | ७३ | ३ | २ | ० | ६८ |

**बजेट उपशिर्षक : विभिन्न          कार्यालय :- श्री बहुदरमाई नगरपालिकाको कार्यालय, पर्सा ।          आर्थिक बर्ष : २०७५/०७६**

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| | सहायककार्यक्रम सङ्ख्या   १०३   १९   ०   ०   ८४ | |
| २०. | **योजनागत लक्ष्य प्रगति** : यस नगर कार्यपालिका अन्तर्गत २०७५।७६ मा क्षेत्रगत तथा समानीकरण अनुदान समेत मुल र सहायक गरी १७६ योजना स्वीकृत गरेकामा १५२ योजनाहरुको ७५ प्रतिशतसम्म प्रगती हासिल गरेको देखियो । तर मुल ३ र सहायक १९ समेत २२ कार्यक्रमको प्रगति शून्य रहेको बिबरण पेश भएको छ । अतः कार्यान्वयन योग्य योजना तथा कार्यक्रमको पहिचान गरी समयमै योजना सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| २१. | **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलप्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । सो अनुसार दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचि तयार गरेको पाईएन । योजना तयारी सम्बन्धी उक्त व्यवस्थाको पालना गरिनु पर्दछ । | |
| २२. | **सभाको निर्णय कार्यान्वयन-** मिति २०७५।६।२२ मा सम्पन्न नगर कार्यपालिकाबाट पारित विभिन्न क्षेत्रगत १७६ वटा कार्यक्रम तथा अन्तर्गतका १०३ वटा सहायक कार्यक्रमसमेतको कार्यान्वयनको स्थितिसहितको सभाको निर्णय र प्रतिवेदन माग गरिएकोमा उपलब्ध हुन सकेन । अत सभाको निर्णय कार्यान्वयन स्थिति प्रतिवेदन तयार गरी वर्षान्तमा समिक्षा गर्नुपर्दछ । | |
| २३. | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानीलगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको नगर कार्य पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । नगर कार्य पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन वा नगर प्रोफाइल तयार गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगर कार्यपालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| | **राजश्व तथा आन्तरिक आयको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| २४. | **राजश्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । यस नगर कार्य पालिकाले राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । राजश्व आम्दानीको सबै वडा कार्यालयहरुले दैनिक अभिलेख खाता नराखेको, बैंक दाखिला अभिलेख खाता नराखेको, समयमा बैंक दाखिला नभएको आदि कारणवाट नगर कार्यपालिकाको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ ।<br>कार्यालयले दैनिक आम्दानी खाता, आम्दानी बैक दाखिला खाता नराखेको, ढिला दाखिला गरेको आदि कारणहरुले मालपोत तथा अन्य सिफारीशबापतको राजश्व वडा अध्यक्ष तथा वडा सचिबबाट जे जति दाखिला भयो त्यसलाईनै आधार लिई हिसाब यकिन नगरी नगरकार्य पालिकाले आम्दानी जनाएको रु. १८ लाख ३६ हजार यथार्थपरक देखिएन । आन्तरीक नियन्त्रण प्रणालीलाई मजबुत बनाई बास्तबिक राजश्व रकम यकिन गर्नु पर्दछ । | |
| २५. | **रसिद नियन्त्रण खाता :** कार्यालयले राजस्व असूली तथा आन्तरिक आम्दानी गर्दा नगदी रसिदको प्रयोग गर्नुपर्ने र नगदी रसिद नियन्त्रण खाता राख्नुपर्ने व्यवस्था छ । कार्यालयले नगदी रसिद छपाई, गत वर्षको मौज्दात र खर्च तथा जिम्मेवारी सारेको परिमाण देखिने गरी रसिद नियन्त्रण खाता राखेको छैन । रसिद नियन्त्रण खाता नराखेकोले राजस्व असुलीमा प्रयोग भएको रसिदबाट असुल भएको सबै रकम दाखिला | |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| | भएको छ भन्न सकिने आधार भएन । अतः नगरपालिकाले रसिद नियन्त्रण तथा राजश्व असूलीलाई सफ्टवयर मार्फत स्वचालित रुपमा व्यवस्थापन गर्नु पर्दछ । | |
| २६. | **मनोरञ्जन कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरन्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा नगर कार्यपालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस नगर कार्य पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |
| २७. | **व्यवसाय कर :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा नगर कार्य पालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट ब्यवसाय कर उठाउन सक्ने ब्यवस्था रहेको छ । यस नगर कार्यपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा व्यवसायीहरुको लगत राखी उक्त लगत अद्यावधिक गरी लगतमा भएका सम्पूर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाइएन । नगर कार्यपालिका क्षेत्रभित्रका व्यवसायीको अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ । | |
| २८. | **राजश्व दाखिला** : प्रदेश आर्थिक कार्यविधि ऐन अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । वडा नम्बर १ को श्रावण र भाद्र महिनाको आम्दानी रसिद पेश नभएको, वडा नम्बर ५ को आंशिक रसिद मात्र पेश भएको, वडा नम्बर ७, ८, ९ को नगदी रसिद पेश नभएकोले आम्दानी हिसाब यकिन गर्न सकिएन । प्रचलित कानुन बमोजिम रसिद कट्टी गर्ने कर्मचारीलाई जिम्मेवार बनाई ति वडाहरुमा प्रयोग भएको आम्दानी रसिद र दाखिला भएको प्रमाण पेश गर्नु पर्दछ । | |
| | **खरिद व्यबस्थापनको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| २९. | **बार्षिक खरिद योजना/ गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस नगर कार्यपालिकाले रु. १७ करोड ७५ लाख पूँजीगत खर्च गरेको छ । नगर कार्यपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना नबनाई खरिद कार्य गरेको देखियो । अतः नगर कार्यपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना बनाई मितव्ययी र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| ३०. | **सवारी साधन खरिद**–स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका, २०७४ को दफा ५.१५ मा नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनका लागि सवारी साधन खरिद गर्न नसकिने व्यवस्था छ । नगर पालिकाले यस वर्ष निम्नानुसार सवारी साधन खरीद गरी रु. **१३२०९१००.००** खर्च गरेको छ । नगर कार्य पालिकाको आफ्नो आन्तरिक आय रु.१८ लाख ३६ हजार मात्र भएको अवस्थामा वित्तीय समानीकरण अनुदानबाट सवारी साधनमा यति ठुलो धनराशि खर्च गरेको नियमसम्मत देखिएन । | |

| सि.नं. | भौचर नम्बर, मिति | सवारी साधनको नाम | खरीद संख्या | रकम |
|---|---|---|---|---|
| १ | १६७-२०७५/११/१० | पिक अप भ्यान | १ | ३८७००००.०० |
| २ | १६८-२०७५/११/१० | स्करपियो जिप | १ | ७०९००००.०० |
| ३ | १९५-२०७५/११/३० | मोटर साईकल | ९ | २२४९१००.०० |
| | | **जम्मा** | | **१३२०९१००.००** |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| ३१. | **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र | |

| बजेट उपशिर्षक : विभिन्न | कार्यालय :- श्री बहुदरमाई नगरपालिकाको कार्यालय, पर्सा । | आर्थिक बर्ष : २०७५/०७६ |
|---|---|---|
| **दफा** | **लेखापरीक्षणबाट देखिएको व्यहोरा** | **रकम** |
| | वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ३२. | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता जुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी गर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन नगर्ने, योजना हस्तान्तरण तथा खर्च सार्वजनिक गर्ने जस्ता कानूनी व्यवस्थाको पालना भएको पाईएन । | |
| ३३. | **उपभोक्ता समिति छनौट -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समूदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्रही समूदायले व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने ब्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौताबाहेक सम्झौतापूर्वका उक्त प्रकृया पालना गरेको कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको ब्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनुपर्दछ । | |
| ३४. | **खर्च अनुमोदन–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समूदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने ब्यवस्था छ । उपभोक्ता समितिमार्फत सञ्चालन भएका योजनाहरुको  बिल भुक्तानीको लागि प्राविधिक मूल्याङ्कन पेश गर्ने गरेको भएता पनि अन्य बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु समितिको पूर्ण बैठकबाट खर्च अनुमोदन गरेको प्रमाण र सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गरी सोको प्रमाण पेश गर्ने गरेको छैन । कार्यालयले समेत अनुगमन समितिको खाली प्रतिवेदनमा हस्ताक्षर गरेको आधारमा खर्चको सुनिश्चितता यकिन गरी भुक्तानीको लागि पेश गर्ने गरेको अवस्था देखिन्छ । नियमको प्रावधान बमोजिम कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी एवं यथार्थपरक बनाउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ३५. | **योजना हस्तान्तरण**: निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी योजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्नेमा  कार्यालयबाट सञ्चालित बार्षिक विनियोजन भएका योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका  सम्झौता अनुसारको कार्यको मात्र कार्य सम्पन्न प्रतिवेदन बनाई बार्षिक कार्यक्रम अनुसारको योजना सम्पन्न भएको यकिन गर्ने पद्धतीको कारण योजना पूर्ण रुपमा सम्पन्न हुने स्थिति नरहेको देखियो । योजनाहरु सम्पन्न भैसकेपश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरिएका योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारी समेत सुम्पिई  हस्तान्तरण गर्ने गरेको छैन । समयमा नै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समितिमै रहने गरी हस्तान्तरण गर्ने कार्यमा सम्बन्धित निकायको ध्यान जानुपर्दछ । | |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| ३६. | **सार्वजनिक तथा सामाजिक परीक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । नगर कार्यपालिकाबाट बार्षिक सम्पन्न योजनाहरु कार्यालयको सेवाप्रबाह सम्बन्धमा सार्वजनिक सुनुवाई गरे तापनि सामाजिक परीक्षण भए गरेको पाईएन । ऐनले तोकेअनुसार कार्यान्वयन भएका योजनागत विकास निर्माणका कार्यको सामाजिक परीक्षण गर्ने व्यवस्था सुरु गर्नुपर्ने देखिन्छ । | |
| ३७. | **गुणस्तर परीक्षण:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । कार्यालयबाट निर्माण भएका संरचनाहरु खरिद गरिएका यन्त्र उपकरण, ल्यापटप ग्याबियन सिमेन्ट पाईप लगायतको भुक्तानी गर्दा सामानको गुणस्तर परीक्षण गरेको छैन । अत: खरिद भएको निर्माण सामाग्री लगायतका यन्त्र औजार लगायतका सामानहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनुपर्दछ । | |
| ३८. | **योजना छनौट र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । नगर सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७५/७६ को अध्ययन गर्दा नगर कार्य पालिकाले स्वीकृत गरी सञ्चालन गरेको १७६ योजना मध्ये १९ योजना १ लाख भन्दा कमको र १३१ योजना १ लाख देखि ५ लाख सम्मको रहेको देखियो । न्यून बजेट भएका योजनाहरुको मितव्ययीता, कार्यदक्षता र प्रभाबकारीता तिनै बिषयमा लाभदायक देखिदैन । योजनाहरुको प्राथमिकिकरण गरी महत्वपूर्ण योजनामा मात्र खर्च गर्नु पर्दछ । | |

| रु.१ लाख सम्म | रु. १ देखि ३ लाख सम्म | रु. ४ देखि ५ लाख सम्मका | रु. ५ देखि १० लाख सम्मका | रु. १० लाख भन्दा बढिका | जम्मा |
|---|---|---|---|---|---|
| १९ | ३९ | ९२ | १९ | १५ | १७६ |

एक लाख भन्दा घटीका निम्न योजनाहरु मध्ये नाला सरसफाईको कार्य र माटोपुरी ग्रभेल गर्ने कार्यको प्रभावकारीता र दिगोपना देखिएन । आफ्नो घर कम्पाउण्ड नजिकको नाला तथा फोहोर सरसफाई र खाल्डामा माटो पुर्ने कार्य उपभोक्ता आफैले गर्न सकिनेमा नगर पालिकाबाट साना साना योजना बनाई बजेट विनियोजन हुनु उपयुक्त होईन ।

| क.स. | कार्यक्रम तथा योजनाको नाम | योजनाको स्थानको नाम | बिनियोजित सकम |
|---|---|---|---|
| | **वडा नं. १** | | |
| १ | बाउण्डी र भुई ढलान | पीप्रा टोलमा रहेको शिव मन्दिरमा | १००,०००।०० |
| २ | नाला सरसफाई | वडाको सम्पूर्ण नाला, पैनीहरु | ५०,०००।०० |
| ३ | चौतारा निर्माण | पिपरा गाउंमा मठिया निर | १००,०००।०० |
| ४ | माटो पूरी ग्रेभल | चन्द्रिका साह कानूको घरदेखि रामचन्द्र राउत अहिरको घरसम्म | १००,०००।०० |
| ५ | नाला निर्माण | मातृका महतोको घरदेखि दहादसम्म | १००,०००।०० |
| ६ | नाला सफाई कार्य | हनूमान मन्दिरदेखि बाबूरामको ३रसम्म | ५०,०००।०० |
| ७ | माटोपूरी ग्रेभल गर्ने कार्य | शारदा महतोको घरदेखि सूरेन्द्र कूशवाहाको घर सम्म | १०००००।०० |

| बजेट उपशिर्षक : विभिन्न | कार्यालय :- श्री बहुदरमाई नगरपालिकाको कार्यालय, पर्सा । | आर्थिक बर्ष : २०७५/०७६ |
|---|---|---|
| **दफा** | **लेखापरीक्षणबाट देखिएको व्यहोरा** | **रकम** |

| | | | |
|---|---|---|---|
| ८ | माटोपूरी ग्रेभल गर्ने कार्य | रामजानकी मंदिर देखि गोपी राउतको घर सम्म | १००००० |
| ९ | माटोपूरी ग्रेभल गर्ने कार्य | जतू पटेलको घरदेखि विदेशी राउतको घरसम्म | ५०००० |
| १० | खानेपानी धारा जडान | सम्पुर्ण वडाका लागि | १००००० |
| ११ | ह्युमपाईप खरीद | सम्पुर्ण वडाका लागि | १००००० |
| १२ | चौतारा निर्माण | साविक १ नं. को धर्मशाला परिसरमा | ६०००० |
| १३ | बाउन्डीवाल निर्माण | वडा कार्यालय | १००००० |
| १४ | नाला सफाई | वडाका सम्पुर्ण नालाहरु तथा पैनीहरु | ५०००० |
| १५ | पोस्ट ओ.डि.एफ. | सम्पुर्ण वडा | १००००० |
| | **नगर पुर्वाधार योजनाहरु** | | |
| १६ | चौतारा निर्माण | वडा नं. २ बहूदरमाई मन्दिर निर | १००००० |
| १७ | कलभर्ट निर्माण | वडा नं. ८ गाउको मुल बाटोमा दक्षिण तिर रहेको टान्सफरमर नजिक | १००००० |
| १८ | ह्युमपाईप जडान | वडा नं. ८ गाउको मुल बाटोमा मंसी पडितको घर निर | ५०००० |
| १९ | छठ स्थल मर्मत र निर्माण | वडा नं. २ बहूदरमाई मन्दिर निर | १००००० |

३९. **सिधै खरिद:** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८(२) मा प्रतिस्पर्धालाई सिमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु नहुने व्यहोरा उल्लेख छ । कार्यालयले पुजिगत खर्च तर्फका सडक निर्माण, नाला निर्माण तथा माटोपुरी ग्राभेल लगायतका निम्न ३७ योजनाहरु टुक्रा कार्यक्रम तथा प्याकेज स्विकृत गरी बिना प्रतिस्पर्धा कुल लागत अनुमान रु. **१६,३७८,२६४.०३** भन्दा औषत २.५३ प्रतिशत मात्र घटी अर्थात रु. **१५९६२६२०.६४** मा सम्झौता गरी सोहि बमोजिम भुक्तानी गरेको छ । ससाना कार्यकममा वजेट विनियोजन गर्ने कार्यमा नियन्त्रण गरी अधिकतम प्रतिस्पर्धा हुने गरी खरीद व्यवस्थापन गर्नु पर्दछ ।

| सि.नं. | निर्माण व्यबसायको नाम | लगत ईष्टिमेट रकम | खर्च रकम |
|---|---|---|---|
| १ | श्री न्यू उज्जवल निमाण सेवा बिरगंज | २४१,९६३.४१ | २४०,६३९.८७ |
| २ | श्री राधेकृष्ण निर्माण सेवा बिश्रामपुर २ | ४८६,३१९.९९ | ४८४,३१३.५३ |
| ३ | श्री फिरोज निर्माण सेवा जगरनाथपुर ६ ,औराहा | ३८८,६९९.१३ | ३४७,८७८.०३ |
| ४ | श्री सलोनी निर्माण सेवा पोखरीया ४, | ४९९,१५२.६३ | ४८२,९९८.८७ |
| ५ | श्री समर कन्शट्रकसन पोखरीया ४ | ४९९,१६९.४६ | ४२८,००१.५३ |
| ६ | श्री अहाना कन्सट्रकशन बीरगंज १६, | ३४९,९७३.१५ | ३३६,४७३.९१ |
| ७ | श्री अर्जुण निर्माण सेवा गा.बि.स.औराहा ७ | ४९९,५९२.७६ | ४८४,२२५.०५ |
| ८ | श्री रितेश कन्सट्रकशन गा.बि.स. निचुटा १, | ४९८,६३३.६४ | ४८१,९२४.९४ |
| ९ | श्री सौरब कन्सट्रकशन पोखरीया न.पा. ५ | ४९९,८९०.२४ | ४८३,६५०.५४ |
| १० | श्री के.के.कन्सट्रकशन पोखरीया न.पा. ४, | ४९९,३९७.६४ | ४८३,१५७.१७ |
| ११ | श्री रासिका निर्माण सेवा बिरगंज १६, | ४९९,९७७.६३ | ४८४,४१४.६७ |
| १२ | श्री पि.पि.निर्माण सेवा बिन्दबासीनी गा.पा.५, | ४९४,११६.५७ | ४८३,४९६.६५ |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| १३ | श्री किरण निर्माण सेवा बहुवरी ३, | ४९९,७०६.३१ | ३०२,४९१.०२ |
| १४ | श्री असफाक निर्माण सेवा जगरनाथपुर गा.पा. २, | ४९८,४२०.१६ | ४८३,२१९.६६ |
| १५ | श्री इसान कन्सट्रकशन धोबीनी गा.पा. २ | ४९९,७३७.४० | ४९९,७३७.४० |
| १६ | श्री इमरान कन्सट्रकशन जीराभवानी गा.पा. २, | ४९८,५२४.६३ | ४८१,०९१.५९ |
| १६ | श्री चौधरी निर्माण सेवा औराहा ६, | ४९७३४०.४४ | ४३८१८३.४७ |
| १८ | श्री प्रकाश निर्माण सेवा पोखरीया | २९८७५७.११ | २८७००८.४४ |
| १९ | श्री सोनी कन्शट्रकसन पोखरीया १,पर्सा | ३९९८९३.७९ | ३९९८९३.७९ |
| २० | आर.पि.ए.कन्सट्रकसन भिखमपुर ३,पसा | ४९९९०९.८० | ४९४८०८.९२ |
| २१ | श्री राधेमाई निर्माण सेवा मसिहानी ५, | ३९८४१२.३४ | ३८४८२३.७३ |
| २२ | श्रीउज्जवल निर्माण सेवा जगरनाथपुर ६,पर्सा | ३९९३१७.३८ | ३४३३१९.२८ |
| २३ | श्री ए.वी.निर्माण सेवा धोबनी २, | ३९९०१५.८ | ३८८२०८.२२ |
| २४ | नितु कन्सट्रक्शन भिखमपुर १,पस | ३९९९९.१३ | ३८८४४७.६९ |
| २५ | श्री अंकित कन्सट्रकशन भिखमपुर | ३९९२५९.१ | ३६३६१८.८१ |
| २६ | श्री राजन निर्माण सेवा बसन्तपुर ६, | ४९८९९८.७३ | ४८२६६२.३ |
| २७ | श्री आशिष कन्शट्रकसन पोखरीया २,प | ४९७३१६.४१ | ४१९२०९.४१ |
| २८ | श्री पवन कन्सट्रकसन बगही ३ | २९९५२६.९९ | २९७५१२.६७ |
| २९ | श्री डायमण्ड कन्सट्रकसन बगही १ | ४९९१३४.६६ | ४९८५०७.४५ |
| ३० | श्री रुपेश एण्ड दिपेश कन्सट्रक्शन गा.बि.स.भौराटार ५ | ४९९७०६.०५ | ४८३२७०.४७ |
| ३१ | श्री बृज कन्सट्रक्शन बहुदरमाई न.पा. ९, | ४९९८०९.७८ | ४८६२६३.९३ |
| ३२ | श्री सुसिम कन्सट्रकसन गा.बि.स.पिडारीगुठी ९ | ४९९७०३.२२ | ४९९७०३.२२ |
| ३३ | श्री आहाना कन्सट्रकशन नगरदाहा ७ पसा | ४९९९९९.७६ | ४७७४८२.७९ |
| ३४ | श्री सकिना कन्सट्रक्शन गा.पा.जगरनाथपुर २ | ४९९२११.८६ | ४८३०१९.६४ |
| ३५ | श्री हिमालय कन्सट्रकसन बीरगंज १३ पसा | ३०००००.०० | ४८३०१९.६४ |
| ३६ | श्री डि.के.बिल्डर्स पकहामैनपुर ८ पसा | ४९९७४४.५६ | ३९११६६.४१ |
| ३७ | श्री माँ दुर्गा कन्सट्रकशन बीरगंज १६ राधेमाई | ४९९९३२.३७ | ४८४७७५.९३ |
| | **जम्मा** | **१६,३७८,२६४.०३** | **१५९६२६२०.६४** |

४०. **मूल्य अभिवृद्धि कर:** मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा १४ बमोजिम मू.अ.करमा दर्ता भएको फर्मले रितपूर्वक विजक जारी गर्नुपर्दछ । यसै गरी सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १९ बमोजिम सार्वजनिक निकायले रु. २० हजार भन्दा बढीको खरीद गर्दा मूल्य अभिबृद्धिकर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति ,फर्म, संस्था वा कम्पनीबाट मात्र खरीद गर्नु पर्ने व्यवस्था छ ।

उपभोक्ता समितिले बिभिन्न निर्माण कार्यको सिलसिलामा प्रयोग गरेका एक्साभेटर, डोजर , ट्रक, ट्याक्टर लगायत सम्बन्धित आपूर्तकको कर बिजक बेगर सादा कागजमा भरपाई गरी रकम दाबि गरेको देखियो । निर्माण कार्यमा प्रयोग हुने मेशिन, उपकरण तथा मालबाहक सवारी साधनको आपूर्तकले रितपूर्वकको कर विजक जारी गर्नु पर्दछ । ऐन नियम बिपरीत भरपाइको आधारमा खर्च लेख्ने परीपाटीमा नियन्त्रण गर्नु पर्दछ

| भौ.नं. | उपभोक्ताको नाम | भरपाई रकम | खर्चको बिबरण | शिर्षक |
|---|---|---|---|---|
| २-२०७६/३/४ | बिपिन यादबको घर देखी पोखरी सम्म सडक ढलान | ३९०५००.०० | सामग्री ढुवानी | निर्वाचन क्षेत्र |
| ४-२०७६/३/१७ | चतु यादबको घर देखि दिनृश यादबको घर सम्म सडक ढलान तथा नाला | ७०९०००.०० | सामग्री ढुवानी | निर्वाचन क्षेत्र |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | निर्माण | | | |
| | **जम्मा** | १०९९५००.०० | | |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| ४१. | **मु.अ.कर ५० प्रतिशत कट्टा नगरेको :** मु.अ कर ऐन २०५३ को दफा ६ (ग) बमोजिम २०७६।२।१६ देखि आपूर्ति हुने वस्तु र सेवा वापतको रकम भुक्तानी गर्दा भुक्तानी गर्ने मु.अ.कर रकमको ५०(पचास) प्रतिशतले हुन आउने रकम सम्बन्धित विक्रेताको नामबाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गरी बाँकी रहेको कर रकम मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । सो बमोजिम कार्यालयले कट्टी गरी राजश्वमा दाखिला गरेको देखिएन । तसर्थ उक्त रकम दाखिला भएको प्रमाण सहित कर दाखिला हिसाब पेश गर्नु पर्दछ । | ६८६४०८ |

| सि.नं. | भौचर नं | मिति | पार्टीको नाम | मु.अ. कर बाहेकको भुक्तानी | ६.५ प्रतिशत मु.अ.कर रकम |
|---|---|---|---|---|---|
| १ | ६१५ | २०७६/०३/३० | दिल्ली ट्रडिङ(६०८१६९६९५) | ५६९८००० | ३७०३७० |
| २ | ३६२ | २०७६/०२/२७ | बिपि कन्सट्रक्सन(६०८६४०५८९) | ४२७८७३ | २७८१२ |
| ३ | ३६३ | २०७६/०२/२७ | रासिका निर्माण सेवा(३०५७४२४६३) | ४२८६८६ | २७८६५ |
| ४ | ३९० | २०७६/०३/४ | उज्वल निर्माण सेवा(३०४५१०८५८) | २१३३५९ | १३८६८ |
| ५ | ३९४ | २०७६/०३/५ | गवालियर कन्सट्रक्सन(६०५०७७०६३) | ८०४४४२ | ५२२८९ |
| ६ | ४०० | २०७६/०३/१० | साह हार्डवेयर (३००१०७४२१) | ११२८५९३ | ७३३५९ |
| ७ | ४३० | २०७६/०३/१० | साह हार्डवेयर (३००१०७४२१) | ३६७१४३ | २३८६४ |
| ८ | ४३६ | २०७६/०३/१७ | रागीनी ट्रेडर्स(६०८५४२१४०) | ३६५६५४ | २३७६८ |
| ९ | ५२३ | २०७६/०३/१७ | सुरज मेशिनरी(६०७८०५४३९) | ४४१९७३ | २८७२८ |
| १० | ५३७ | २०७६/०३/२८ | अर्चना कन्स्ट्रक्सन(६०००१४६५६) | ३१७३८३ | २०६३० |
| ११ | ५७२ | २०७६/०३/२९ | अंकुर हार्डवयर (३०२४१९८०१) | १६८१०० | १०९२६ |
| १२ | ५७२ | २०७६/०३/२९ | बाबा पोलिथिन(६०३०९७३१७) | १९८९०० | १२९२९ |
| | | | **जम्मा** | **१०५६०१०६** | **६८६४०८** |

**चालु खर्च तर्फ**

**दैनिक भ्रमण भत्ता तथा पदाधिकारी सुबिधा सम्बन्धी खर्चको लेखापरीक्षणबाट देखिएका व्यहोरा**

४२. **भ्रमण तथा अनुगमनः** कार्यलयले दैनिक भ्रमण खर्च दिनुपूर्व भ्रमण गर्ने उदेश्य स्पष्ट हुनुपर्दछ ।भ्रमण गर्नुपर्ने अवस्था भएपछि स्वीकृत भ्रमण आदेश अनुरुप भ्रमण गर्ने पदाधिकारीले भ्रमण गरि कार्यालयमा फर्केको ३५ दिन भित्र भ्रमण को उपलब्धी सहितको प्रतिवेदन पेश गर्नुपर्दछ । यसवर्ष कार्यालयले उपलब्ध गराएको विवरण अनुसार रु. ११ लाख १३ हजार भ्रमण खर्च भएको छ । भ्रमण खर्च गरेको खर्च सम्वन्धी केही फाँटवारी परीक्षण गर्दा भ्रमण गर्ने पदाधिकारीले भ्रमण प्रतिवेदन पेश नगरेको र भ्रमणको उपलब्धी मापन गर्न सकिने आधार देखिएन । भ्रमण खर्चलाइ आवश्यकताको आधारमा भन्दा सुविधाको आधारमा खर्च लेख्ने परम्पराले सरकारी खर्चको दुरुपयोग हुने जोखिम देखियो । यस्तो खर्चगर्ने परीपाटीमा नियन्त्रण गरी अत्यावश्यक कार्यमा मात्र भ्रमण खर्च भुक्तानी गर्नु पर्दछ । अनुगमन तथा भ्रमण खर्च सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्न छन :

- अधिकांश भ्रमणको उद्देश्यमा कार्यालय सम्बन्धी काम भनि उल्लेख गरेको छ । तर त्यस्तो काम गरेको प्रमाणित हुने कागजात भ्रमण बिलमा संलग्न गरेको छैन ।
- नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन सकेन ।
- भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको छ ।

| बजेट उपशिर्षक : विभिन्न | कार्यालय :- श्री बहुदरमाई नगरपालिकाको कार्यालय, पर्सा । | आर्थिक बर्ष : २०७५/०७६ |
|---|---|---|
| **दफा** | **लेखापरीक्षणबाट देखिएको व्यहोरा** | **रकम** |
| | • कतिपय भ्रमणहरु नगर कार्यपालिकासँग असम्बन्धित स्थानमा गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको छ ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष तथा सचिव सहित, प्रमुख प्रशासकिय अधिकृत र मेयर सम्मका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी लिने गरेको छ ।<br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ४३. | **वडा कार्यालयबाट भएको खर्च :** नगर कार्य पालिकाले ९ वडा कार्यालयलाई जम्मा रु.४४ लाख २८ हजार भुक्तानी दिएको छ । वडा कार्यालयसँग सम्बन्धित खर्चहरु नगर कार्यपालिकाबाट भुक्तानी भईरहेको अवस्थामा वडा कार्यालयबाट थप बैठक भत्ता, जिन्सी सामान खरिद, अनुगमन/भ्रमण लगायतका कार्यमा खर्च भएका छन् । यसरी वडागत रुपमा खर्च गर्दा जिन्सी विवरण अद्यावधिक नभएको, वडा कार्यालयको खर्चमा एकरुपता नदेखिएको तथा नगर कार्य पालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने जोखिम समेत देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ । | |
| ४४. | **पदा धकारी परी श्रमक :** प्रदेश नम्बर २ का स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा बनेको ऐन २०७५ को विभिन्न दफाहरुमा शीर्षक वा प्रयोजन खुलेका बैठक भत्ता, यातायात सुविधा, पत्रपत्रिका र संचार सुविधा, दैनिक भ्रमण भत्ता, यात्रा बिमा जस्ता विभिन्न सुविधा/भत्ताहरु दिने गरी सुविधातर्फ छुट्टै कानूनी व्यवस्था गरेको पाइन्छ।<br>नेपालको संविधानको धारा २२०(८) र २२७ मा सुविधा भन्ने मात्र शव्द प्रयोग गरी पारिश्रमिक भन्ने शव्दावली नै नराखिएबाट स्थानीय तहका पदाधिकारी तथा सदस्यलाई पारिश्रमिक प्रदान नगर्ने मनसाय राखेको देखिन्छ। *तसर्थ गत बर्षको रु ६० लाख ८१ हजार १७३ समेत पदिधकारी पारीश्रिमकमा भुक्तानी भएको रु १ करोड ४० लाख २२ हजार १७३ खर्च मनिसब दिखएन ।*<br>*पदिधकारी सुविधामा भएका प्रमुख खर्चहरु निम्न छन:* | |
| | (तालिका तल) | |

| सि.नं | सुविधाको विवरण | जम्मा |
|---|---|---|
| १. | **मासिक सुविधा** | **१४०२२१७३.००** |
| २. | सञ्चार सुविधा | ११४५४०.०० |
| ३. | पदाधिकारी बैठक भत्ता | ७३५००.०० |
| ४. | पदाधिकारी ईन्धन | ३४६२१०.०० |
| ५. | दैनिक भत्ता तथा भ्रमण खर्च | १११३९२७.०० |
| ६. | नगर सभा व्यवस्थापन | ३१३०२६.०० |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| ४४.१ | उक्त ऐनको दफा ४ मा मासिक सुविधा पाउने पदाधिकारीहरुले सभा वा स्थानिय तहको कुनै समिति वा उपसमितिको बैठकमा भाग लिएवापत भत्ता दिन नमिल्ने उल्लेख छ । नगरपालिकाले मासिक पारिश्रमिक पाउने पदाधिकारीहरुलाई बैठक भत्ता वितरण गरेको रु.७३५००.०० नियम सम्मत देखिएन । यस्तो रकम असुलगरी स्थानिय संचितकोष दाखिला गर्नुपर्दछ रु. | **७३५००.००** |
| | **बिषयगत कार्यक्रमको लेखापरीक्षणणबाट देखिएका व्यहोरा** | |
| | **शिक्षा तर्फ** | |

| बजेट उपशिर्षक : विभिन्न | कार्यालय :- श्री बहुदरमाई नगरपालिकाको कार्यालय, पर्सा । | आर्थिक बर्ष : २०७५/०७६ |
|---|---|---|
| **दफा** | **लेखापरीक्षणबाट देखिएको व्यहोरा** | **रकम** |
| ४५. | **तलवी प्रतीवेदन** : विद्यालय क्षेत्र विकास कार्यकम कार्यान्वयन पुस्तीका आ.व.२०७५।०७६ को क्रियाकलाप नं.१.३.३.१ वमोजिम शिक्षकहरुको तलवी प्रतिवेदन जिल्ला शिक्षा विकास तथा समन्वय इकाई मार्फत विद्यालय शिक्षक किताबखानाबाट पारीत गराई प्राप्त तलवी प्रतीवेदनका आधारमा निकासा दिने व्यवस्था मिलाउने उल्लेख भएकोमा सो अनुसार तलवी प्रतीवेदन पारीत गराएको पाइएन । त्यस्तै नगरपालिकाको वार्षिक कार्यक्रम पुष्तिकामा नगरसभाबाट तलवी प्रतिवेदन पारीत गर्ने उल्लेख भएकोमा सो अनुसार पारीत गरेको पाईएन । तलवी प्रतिवेदन पारीत नगराई खर्च लेख्दा तलव र ग्रेड वापत बढी रकम भुक्तानी हुन सक्ने भएकोले समयमै तलवी प्रतिवेदन पारीत गर्नतर्फ ध्यानदिनुपर्ने देखिन्छ । | |
| ४६. | **बालविकास तर्फः** विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तीका आ.व.२०७५।०७६ को क्रियाकलाप नं.२.१५.११.७६९ वमोजिम बाल शिक्षा कक्षा सञ्चालन भएका विद्यालयले वालशिक्षा सहजकर्ताको प्रमाणित हाजीरी प्रतिवेदन तथा बालशिक्षा कक्षा सम्वन्धमा विद्यालयले भरेको शैक्षिक तथ्यांक सम्वन्धित निकासा दिने कार्यालयमा पेश गर्नुपर्ने उल्लेख छ । यस नगरपालिकावाट १७ वटा विद्यालयका २९ वटा वाल कक्षा सञ्चालनका लागि सहजकर्ताको पारीश्रमिक वापत रु.२२६२०००।००,पोशाक वापत रु.२९००००।०० र वालविकास अनुदान वापत रु.१८१५००।०० समेत जम्मा रु.२७३३५००।०० खर्च लेखेकोमा सहजकर्ताले तलब बुझेको भर्पाई पेश भएको छ तर सहजकर्ताको प्रमाणित हाजिरी तथा शैक्षिक तथ्यांक पेश गरेको पाईएन । तसर्थ सहजकर्ताको प्रमाणित हाजिरी तथा शैक्षिक तथ्यांक पेश गर्नुपर्ने देखिएको रु.... | **२७३३५००.००** |
| ४७. | **बढी निकासाः** नेपाल राष्ट्रिय उ.मा.वि.डोकैला बहुवरीको प्रथम चौमासिक तलवभत्ता निकासी गर्दा निकासा विवरणमा उल्लेख भएको भन्दा बैंकमा रु.७२५६।००बढी रकम निकासा गरकोले बढी निकासा गरेको रकम अशुल गर्नुपर्ने रु..... | **७२५६.००** |
| ४८. | (क) ने.रा.मा.वि. डोकैला बहुबरीका शिक्षक भगत प्रसाद यादव प्रा.वि. द्धितीय दरवन्दिका रहेकोमा मा.वि.मा पढाउने भएका कारण मा.वि. अन्य स्थाईमा राखिएको छ । हाल तल्लोपदमा रहेका शिक्षकलाई माथिल्नो तहमा अध्यापन गरेको आधारमा माथिल्नो पदमा राखि तलवभत्ता खुवाउन नमिल्ने देखिन्छ । निजको प्रथम चौमासिकमा तलव भत्ता निकासा गर्दा प्रति महिना नियम अनुसार प्रा.वि. तहको तलव भुक्तानी भएको अवस्थामा दोश्रो र तेश्रो चौमासिकमा मा.वि. स्तरको तलव दिएकाले प्रति महिना रु.७०००।०० ले ८ महिनाको रु.५६०००।०० बढी भुक्तानी भएको हुदा बढी भुक्तानी रकम अशुल गर्नुपर्ने रु..... | **५६०००.००** |
| ४९. | **शिक्षण सिकाइ सामाग्री तथा बुक कर्नर व्यवस्थापन –** शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट जारी गरीएको कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार शिक्षण सिकाइ तथा बुक कर्नरका लागि रकम निकासा गर्दा प्रत्यक सामुदायिक विद्यालयको विद्यार्थी संख्या एकिन गरी एकिन गरीएको प्रत्यक तहगत विद्यार्थी संख्याको आधारमा तोकिएको प्रति विद्यार्थी लागत रकमले गुणन गरी आएको रकम बराबर विद्यालयलाई एकमुष्ट अनुदान दिने उल्लेख छ ।नगरपालिकाले विद्यालयहरुको विद्यार्थी संख्या एकिन नगरी १७ विद्यालयहरुका लागि शिक्षण सामाग्री तथा बुक कर्नर रकम वापत रु.१०१२६५०।०० खर्च लेखेको छ ।नगरपालिकाले विद्यालयका विद्यार्थीहरुको विवरण उपलव्ध नगराएका कारण कति रकम भुक्तानी हुनुपर्ने हो एकिन गर्न सकिएन ।त्यस्तै सो कार्यमा भएको कामको प्रगती प्रतिवेदन समेत पेश नभएकाले खर्चको विवरण तथा भएको कामको प्रगती प्रतिवेदन पेश गर्नुपर्ने देखिएको रु.... | १०१२६५.०० |
| ५०. | **नमुना विद्यालय माष्टर प्लान-**शिक्षा विभाग कार्यक्रम कार्यान्वयनपुस्तिका २०७५/०७६ को कम्पोनेट नम्वर २.१२.१.४६ नमुना विद्यालयको रुपमा छनौट भएका विद्यालयको विद्यालयगत रुपमा माष्टर प्लान तयार गर्ने उल्लेख छ । त्यस्तै कम्पोनेट नम्वर २.१५.३०.२७ अनुसार नमुना विद्यालयका लागि न्यूनतम सुविधा लगायत गुणस्तर तथा व्यवस्थापनका लागि अनुदान दिने उल्लेख छ । यस्तो अनुदान दिदाँ छनौट भएका विद्यालयले शिक्षा विभागको सामुदायिक विद्यालय व्यवस्थापन शाखासँग समन्वय गरी नमुना विद्यालय व्यवस्थापन निर्देशिका २०७४ अनुरुप माष्टर प्लान निर्माण गरी स्वीकृत गराउने र स्वीकृत गुरुयोजनाका आधारमा रकम निकाशा दिने तथा माष्टर प्लान स्वीकृत भई कार्यान्वयनमा नआएसम्म उक्त निकाशा रकम | |

| बजेट उपशिर्षक : विभिन्न | कार्यालय :- श्री बहुदरमाई नगरपालिकाको कार्यालय, पर्सा । आर्थिक बर्ष : २०७५/०७६ | |
|---|---|---|
| **दफा** | **लेखापरीक्षणबाट देखिएको व्यहोरा** | **रकम** |
| | खर्च गर्न नदिने व्यवस्था मिलाउने उल्लेख छ । नगरपालिकाले नमुना विद्यालयका लागि आ.व.०७५/०७६ मा छनौट भएको देवनन्दन देवराज नमुना माध्यामिक विद्यालयलाई भौतिक निर्माण अनुदान स्वरुप रु १५००००००।०० दिएको छ । तर सो विद्यालयले निर्देशिकामा व्यवस्था भए वमोजिम माष्टर प्लान वनाई स्वीकृत गराएको विवरण नगरपालिकासँग भएको पाइएन । त्यस्तै विद्यालयले भौतिक निर्माण कार्यगर्दा खरीद दिग्दर्शन सार्वजनिक खरीद ऐन तथा सार्वजनिक खरीद नियमावली र विद्यालय खरीद दिग्दर्शन भित्र रही निर्माण कार्य सञ्चालन गर्ने उल्लेख छ । तर सो विद्यालयले निर्देशिकामा व्यवस्था भए वमोजिम माष्टर प्लान वनाई स्वीकृत गराएको बारे जानकारी हुन आएन । साथै के कति काममा रकम खर्च भएको छ सो को विवरण पेशहुन आएन ।तसर्थ स्वीकृत माष्टर प्लान तथा खरीद ऐन नियम बमोजिम निर्माण कार्य गर्नु पर्दछ । | |
| ५१. | **दिवा खाजा अनुदानः १०६।०७६।०१।२७** शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट जारी गरीएको कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार दिवा खाजा कार्यक्रम प्राप्त भएका स्थानिय तहले कार्यक्रम कार्यान्वयन गर्दा सामुदायक विद्यालयमा प्रारम्भिक बालविकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत बालबालिका लागि खाजा उपलब्ध गराउन विद्यालयगत तथ्यांकका आधारमा विद्यालय सञ्चालन भएको दिनलाई मात्र आधार मानेर अनुदान दिने व्यवस्था मिलाउने उल्लेख छ । स्थानीय तहले दिवाखाजा उपलब्ध गराइएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुष्तिका (परीक्षामा सामेल भएकोदिन समेत)को प्रतिलिपी विद्यालयका प्राधानाध्यापक र विद्यालय व्यवस्थापन समिती अध्यक्षबाट प्रमाणित गराइ स्थानियमा संकलन गरी संख्या एकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था मिलाउने उल्लेख छ । तेस्रो चौमासिकमा निकासा गर्दा पहिलो र दोस्रो चौमासिकमा निकासा गरीएको रकमको सदुपयोग भएको सुनिश्चित गर्ने र दिवाखाजा प्राप्त गर्ने विद्यार्थीको संख्या,विद्यार्थीको हाजिरी ,प्रगती प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले पहिलो र दोस्रो चौमासिकमा खाजा वापत रकम उपलब्ध गराएको पाइएन । तेस्रो चौमासिकमा विद्यार्थी संख्या एकिन नगरी दिवा खाजा वापत गो.भौ.नं.१०६ मिति ०७६।०१।२७ मा रु.४११४८००।०० उपलब्ध गराएकोले दिवा खाजा प्राप्त गर्ने विद्यार्थी संख्या, विद्यार्थीको हाजिरी प्रमाणित गरी र सोको प्रगती प्रतिवेदन पेश गर्नुपर्ने रु........... | ४११४८००।०० |
| ५२. | **छात्रा तथा दलित विद्यार्थी छात्रवृत्ति अनुदान : १०६।०७६।०१।२७, श**िक्षा मन्त्रालयबाट स्वीकृत भएको विद्यालय क्षेत्र विकास कार्यक्रम (क्षेत्र, जिल्ला, स्थानीय तह) कार्यान्वयन पुस्तिका २०७४।७५ बमोजिम विद्यालयमा अध्ययनरत कक्षा १ देखि ८ सम्मका छात्रा तथा दलित विद्यार्थीहरुलाई प्रति विद्यार्थीले वार्षिक न्यूनतम रु.४००।- छात्रवृत्ति पाउने अवस्था सुनिश्चित गर्न छात्रवृत्ति वितरणका निश्चित आधारहरु तय गरी छात्रवृत्ति पाउने, विद्यार्थीहरुको नामावली सहितको विवरण विद्यालयको सूचना पाटीमा टाँस गर्नुपर्ने, विद्यालयमा नियमित अध्ययन गरिरहेका छात्रा तथा दलित विद्यार्थीहरुलाई दोहोरो नपर्ने गरी अभिभावकको रोहवरमा छात्रवृत्ति वितरण गर्नुपर्ने र स्थानीय तहले छात्रवृत्ति पाउने विद्यार्थी संख्या, छात्रवृत्ति वितरणको भर्पाइ, छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नाम नामेसी सहितको विवरण राख्नु पर्ने गरी अनुगमन सूचक तोकेको देखिन्छ । छात्रवृत्ति अनुदान अन्तर्गत विभिन्न १७ विद्यालयका लागि रु.**१४८६०००।००** निकासा गरेको छ। स्थानिय तहमा कार्यरत शिक्षा अधिकारीले प्रमाणित गरेको विद्यार्थी संख्याको आधारमा विद्यालयमा निकासा गर्नुपर्नेमा विद्यार्थी संख्या एकिन नभएका कारण छात्रवृति रकम भिडान गर्न सकिएन । स्थानिय तहले विद्यालयबाट तथ्याँक संकलन नगरेको, निर्देशिकाले तोकेको सूचकहरुको अनुगमन नगरेको जस्ता कारणहरुले छात्रवृत्ति निकासाको नियन्त्रण पक्ष कमजोर रहेको छ । तसर्थ छात्रवृति पाउने विद्यार्थीको नाम नामेसी सहितको विवरण र छात्रवृति वितरण भर्पाइ पेश गर्नुपर्ने रु...................... | १४८६०००।०० |
| ५३. | १३०।०७६।०३।०१ दलित विद्यार्थी छात्रवृती वापत विभिन्न ३(तीन) विद्यालयलाई रु.५६०००।०० खर्च लेखेकोमा सो को वितरण भर्पाइ पेश नभएको रु.... | ५६०००.०० |

| बजेट उपशिर्षक : विभिन्न | कार्यालय :- श्री बहुदरमाई नगरपालिकाको कार्यालय, पर्सा । | आर्थिक बर्ष : २०७५/०७६ |
|---|---|---|
| **दफा** | **लेखापरीक्षणबाट देखिएको व्यहोरा** | **रकम** |
| ५४. | **१०६।०७६।०१।२७ नि:शुल्क पाठ्यपुस्तक अनुदान :** कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम स्थानीय तहले सम्वन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याँक संकलन गरी शिक्षा अधिकृतबाट प्रमाणित गरी यकिन संख्याको आधारमा विद्यालयहरुलाई नि:शुल्क पाठ्यपुस्तकको अनुदान विद्यार्थी संख्याको आधारमा ७५ प्रतिशतलाई मात्र दोस्रो चौमासिकमा निकासा दिने र बाँकी २५ प्रतिशत रकम नयाँ शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा नपुग हुने रकम मात्र थप निकासा गर्नुपर्ने उल्लेख छ । निर्देशिकामा विद्यार्थीले समयमै पुरा सेट नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलव्धताको सुनिश्चिता कायम गर्ने कार्य स्थानीय तहको हुने समेत व्यवस्था छ । नगरपालिका अन्तर्गतका १७ विद्यालयका लागि तेस्रो चौमासिकमा रु.२१७९२८४।००उपलव्ध गराएकोमा नगरपालिकाले विद्यार्थीले समयमै पाठ्यपुस्तक पाए नपाएको सुनिश्चितता गरेको अनुगमन प्रतिवेदन पेश नभएको र फोकल पर्सनले पाठ्यपुस्तक वितरणको लगत समेत राखेको देखिएन । पाठ्यपुस्तकको अनुदान निकासा गर्दा शैक्षिक समय तालिका मिलाई पाठ्यपुस्तक वितरण नहुँदा शैक्षिक स्तरमा ह्रास आउने देखिन्छ । अत: निशुल्क पाठ्यपुष्तक प्राप्तगर्ने विद्यार्थी संख्या र वितरण भर्पाइ तथा निकासा गरेको रकमको अनुगमन गरी सुनिश्चितता गरिनु पर्ने रु...... | २१७९२८४।० |
| ५५. | **१७२।०७६।०३।२०** ने.रा.मा.वि. डोकैला बहुअरीलाई छुट पाठयपुष्तक वापत भनि नपुग पाठपुष्तकको रु.१६९७२६।०० खर्च लेखेकोमा नयाँ शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरण पेश नभएकोले निर्देशिकाको पालना गरेको पाइएन । तसर्थ शैक्षिक सत्र ०७५।०७६ मा विद्यार्थी भर्नाको विवरण,पाठयपुष्तक वितरण भर्पाई पेश गर्नुपर्ने रु.... | १६९७२६.०० |
| ५६. | **वितरण भर्पाइ तथा दाखिला प्रतिवेदन नभएको :** विद्यालय सुचना प्रविधि तथा पुष्तकालय व्यवस्थापनका लागि विभिन्न विद्यालयहरुलाई वितरण गर्न निम्न गो.भौ.न.तथा मिति बाट रु. ११११६३८।०० को सामाग्री खरीद गरीएकोमा ती सामाग्री वितरण गरेको भर्पाई तथा सम्वन्धित विद्यालयले सामान दाखिला गरेको दाखिला प्रतीवेदन पेश नभएको रु.... | **११११६३८.००** |

| सि.नं. | भौचर नम्बर | बिबरण | रकम |
|---|---|---|---|
| १ | १३९।०७६।३।९ | विभिन्न ७ विद्यालयका लागि कम्प्यूटर लगायतका सामाग्री खरीद | ४६१०९७।०० |
| २ | १८४।०७६।३।२३ | विभिन्न ३ विद्यालयका लागि कम्प्यूटर लगायतका सामाग्री खरीद | १८२७२१।०० |
| ३ | १८५।०७६।३।२३ | विद्यालयलाई वितरणका लागि बुक र्‍याक ३०थान रकम्प्यूटर टेवुल १० थान खरीद | ४६७८२०।०० |
| | | **जम्मा** | **११११६३८.००** |

| | | |
|---|---|---|
| ५७. | **बिद्यालय क्षेत्र विकास** कार्यकम अन्तर्गत विज्ञान प्रयोगशालाका लागि मुखदेव शुशिला मा.वि. रामनगरीलाई रु.६५००००।००अनुदान दिएकोमा उक्त विद्यालयले नमुना विद्यालय सञ्चालन निर्देशिका २०७४ को अनुसुचिमा उल्लेखित मापदण्डका आधारमा विज्ञान प्रयोगशाला व्यवस्थापन गरेको छ छैन भनि अनुगमन तथा प्रगती प्रतिवेदन पेश गरेको पाईएन ।तसर्थ भएगरेको कामको विवरण साथै अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु......... | ६५००००.०० |
| ५८. | **विद्यालय भौतिक पूर्वाधार निर्माण :** कार्यकम कार्यान्वयन पुष्तिका अनुसार प्रत्यक स्थानिय तहले प्राप्त विद्यालय भौतिक कार्यकमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निमार्ण कार्य राष्ट्रिय भवन संहिता,२०६० अनुसार गर्नु गराउनु पर्ने तथा निर्माण कार्यहरुको आफ्ना प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्ने उल्लेख छ ।त्यसरी गरेका कामको नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदन तयारगरी पेश गर्नुपर्ने हुन्छ ।नगरपालिकाले निम्नानुसारका विद्यालयहरुमा भौतिक पूर्वाधार निर्माणका कार्यकमका लागि अनुदान दिएकोमा सोको नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदन पेश गरेको छैन । तसर्थ अनुदान रकमको सुनिश्चितताको लागि ती कार्यकमको भौतिक प्रगति भएको प्रमाण तथा नाप जाँच गरी | ४१०००००.०० |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| | कार्यसम्पन्न प्रतिवेदन पेश गर्नु पर्दछ । रु...... | |

| **क्रम संख्या** | विद्यालयको नाम | **दुई कोठे भवन** | **शौचालय** | भुकम्पीय सुरक्षा |
|---|---|---|---|---|
| १ | ने.रा..प्रा.वि.,भौराटार | १६०००००।०० | ४०००००।०० | ००.०० |
| २ | ने.रा.प्रा.वि.,विश्रामपुर | ००.०० | ४०००००।०० | ००.०० |
| ३ | मुखदेव शुशिला मा.वि. | ००.०० | ००.०० | १५०००००।०० |
| ४ | देवनन्दन देवराज मा.वि. | ००.०० | ५००००।०० | ००.०० |
| ५ | ने.रा.उमावि भंगी साह | ००.०० | ५००००।०० | ००.०० |
| ६ | महविर साह मा.वि. | ००.०० | ५००००।०० | ००.०० |
| ७ | ने.रा.उमावि, डोकैला | ००.०० | ५००००।०० | ००.०० |
| | **जम्मा** | **१६०००००.००** | **१००००००.००** | **१५०००००.००** |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| ५९. | **स्वास्थ्य,कृषि,पशु तर्फः**आर्थिक कार्यविधि नियमावली २०६४ को दफा ३६(३)बमोजिम खर्च गर्दा खर्चको विल भर्पाई सहित लेखा राख्नुपर्ने ,सोहि नियमको बुदा ८ मा कुनै रकमको भुक्तानी दिदा रित पुगे नपुगेको जाच गर्नुपर्ने उल्लेख छ ।कार्यालयले निम्न भौचर र मिति बाट खर्च लेख्दा खर्चको भरपाई तथा आवश्यक विवरण पेश नभएकोले नियमको पालना गरेको पाईएन ।तसर्थ खर्च सग सम्वन्धित प्रमाण पेश गर्नुपर्ने रु... | **७६५६४८।००** |

| भौ.न. मिति | खर्चको विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| १५४।०७६।३।१८ | स्वास्थ्य संस्थाका लागि विपि सेट लगायतका सामाग्री खरीद | २४१३८९।०० | सम्वन्धित स्वास्थ्य संस्थालाई सामान बुझाएको भर्पाइ र संस्थाको दाखिला प्रतिवेदन नभएको |
| १२६।०७६।२।३१ | किसानलाई वितरण गर्न १० थान पम्पसेट खरीद | ४११४००।०० | वितरण भर्पाइ नभएको |
| १३८।०७६।३।१९ | किसानलाई वितरण गर्न ५ थान वाटरपम्प खरीद | ११२८५९।०० | वितरण भर्पाइ नभएको |
| | **जम्मा** | **७६५६४८.००** | |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| ६०. | **सरुवा भ्रमण खर्च सम्वन्धमा –**स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं.७१६९८ मिति ०७५।०६।१४ को पत्रानुसार नेपाल सरकार सचिव स्तरीय निर्णय अनुसार बहुदरमाई न.पा. बाट तलव भत्ता खानेगरी खटाईएका हे.अ.पाचौं दिलीप कुमार यादवलाई न.पा. को च.नं.२४३ मिति ०७५।०७।३० को रमाना पत्रबाट स्वास्थ्यसेवा विभाग टेकुमा हाजिर हुन पठाएको देखिन्छ । उक्त रमाना पत्रमा निजले सरुवा भ्रमण खर्च भुक्तानी नलिएको उल्लेख छ ।तर निजलाई गो.भौ.नं.१०० मिति ०७५।१२।१३ बाट सरुवा भ्रमण खर्च वापत रु. १६२५०।०० भुक्तानी गरेकाले खर्च अशुल गर्ने रु..... | **१६२५०।००** |
| | **समानिकरण पूँजीगत** | |
| ६१. | **वितरण भर्पाइ पेश नभएको :**आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(८) अनुसार कुनै कामको रकम भुक्तानी दिदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।कुनै कामका लागि खरीद भएका सामानको वितरण सम्वन्धित व्यक्ति तथा संस्थालाई भएमा मात्र त्यस्तो सामानको उचित प्रयोग हुने देखिन्छ ।न.पा.ले निम्न गो.भौ.नं.र मिति बाट खरीद गरेका सामान सम्वन्धितलाई वितरण गरेको भर्पाइ पेश नभएकाले वितरण भर्पाइ पेश गर्नुपर्ने रु.... | **२२४९१०४.००** |

| गो.भौ.नं.र मिति | सामानको विवरण | परीमाण | रकम |
|---|---|---|---|
| ३८।०७५।८।१७ | स्प्रेटंकी खरीद ९ वडाका लागि | ३६० | ९०००००.०० |
| १११।०७५।१०।६ | तालिमका लागि तरकारीको विउ खरीद | | ६००००.०० |
| १७८।०७५।११।१९ | साईकल खरीद | १८४ | १२८९१०४.०० |
| | **जम्मा** | | **२२४९१०४.००** |

**बजेट उपशिर्षक : विभिन्न** **कार्यालय :- श्री बहुदरमाई नगरपालिकाको कार्यालय, पर्सा ।** **आर्थिक बर्ष : २०७५/०७६**

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| ६२. | **विज्ञापन शुल्कमा छुट नलिएको :**सरकारी कार्यालयहरुको सुचना प्रकाशन गरे वापत गोरखापत्रले लाग्ने रकमको २५ प्रतिशत र अन्य राष्ट्रिय स्तरका पत्रपत्रिकाले १५ प्रतिशत छुट दिने व्यवस्था रहेकोमा निम्न भौ.नं. र मिति बाट सुचना प्रकाशन वापत भुक्तानी गर्दा नियमानुसार पाउने छुट लिएको पाईएन । नियमानुसार पाउने छुट लिन नगरपालिकाले ध्यान दिनुपर्ने देखिएको छ । | |

| भौ.नं. मिति | मु.अ.कर वाहेक भुक्तानी रकम | पाउने छुट रकम |
|---|---|---|
| ५८।०७५।८।१७ | १७२०००।०० | २५८००.०० |
| ११७।०७५।१०।९ | ८००००।०० | १२०००.०० |
| | २५२०००।०० | ३७८००.०० |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| ६३. | **कार्यपत्रः** १११।०७५।१०।०६ वडा नं. ५ मा कृषि तालिम गरेको भनि वडा सचिव प्रमोद यादवको पेश्कि फछ्यौट गर्दा प्रशिक्षक भत्ता वापत प्रति कक्षा रु.२५००।०० ले ९ कक्षाको तीन जना प्रशिक्षकलाई रु.२२५००।०० भुक्तानी दिएको पाइयो । नियमानुसार प्रति कक्षा प्रशिक्षण वापत रु.१५००।०० र कार्यपत्र वापत रु.१०००।०० दिन मिल्ने देखिएबाट कार्यपत्र पेश नभएको अवस्थामा कार्यपत्र वापत रकम दिन मिल्ने दैखिदैन । कार्यपत्र वेगर भुक्तानी भएको रु.९०००।०० अशुल गर्नुपर्ने देखिएको रु................ | ९०००.०० |
| ६४. | **दैनिक भत्ता बढी भुक्तानीः** वडा नं.३ र ५ का पदाधिकारी र कर्मचारीको फरक फरक मितिको पोखरा अवलोकन भ्रमण वापत वडा सचिव प्रमोद यादवको पेश्कि फछ्यौट गरेकामा नियमानुसार वडा अध्यक्ष लगायतका पदाधिकारीलाई भ्रमण भत्ता वापत दैनिक रु.१६००।०० र सहायक स्तरका कर्मचारीका लागि दैनिक रु.१२००।०० खर्च लेख्न मिल्नेमा (यातायातको छुट्टै व्यवस्था भएको निम्न भौ.नं. र मिति बाट बढि भुक्तानी भएको दै.भ्र.भत्ता रकम अशुल गर्नुपर्ने रु....... | **९३०००.००** |

| भौ.नं.मिति | भ्रमण अवधि | पदाधिकारी र कर्मचारी | पाउने रकम | दिएको रकम | बढि रकम |
|---|---|---|---|---|---|
| ११४।०७५।१०।६ | ०७५।९।१९ देखि २१ सम्म | ६ र ४ | ४३२००.०० | ७५०००.०० | ३१८००.०० |
| १४५।०७५।११।७ | ०७५।१०।१२ देखि १७ सम्म | ७ र ३ | ८८८००.०० | १५००००.०० | ६१२००.०० |
| | | **जम्मा** | **१३२०००.००** | **२२५०००.००** | **९३०००.००** |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| ६५. | १५६।०७५।११।९ वडा नं.३ को सडक ढलान तथा नाला निर्माण कार्यकालागि शिवशक्ति कष्ट्रक्सन,विरगञ्ज सग रु.३६१७१५१।१७ मा संझौता भएको देखिन्छ ।संझौता वमोजिम उक्त कार्य ०७५।३।२५ मा सम्पन्न गर्नुपर्नेमा दुई पटक म्यादथप भै ०७६।३।२५ सम्म म्याद बढाएको छ ।उक्त कार्यको दोस्रो रनिडविल भुक्तानी गर्दा सो अवधि सम्म भएको कामको नापी किताव ठेक्का विल संलग्न नगरी रु.४७२७७९।००भुक्तानी गरेको छ ।दोस्रो विलको रकम भुक्तानी गर्दा उठेको स्वीकृत टिप्पणी आदेश अनुसार हालसम्म रु.२९९८२३५.४५ को काम भएको र प्रथम विलबाट रु.२२३७५२७.९५ भुक्तानी भै हाल रु.४४५५८४.४२ भुक्तानी गर्ने उल्लेख छ ।तर टिप्पणी आदेशमा उल्लेख भएको रकम भन्दा रु.२७१९४.५८ बढी भुक्तानी भएको देखिन्छ । उक्त बढी भुक्तानी रकम अशुल गर्नुपर्ने साथै दोस्रो रनिडविल विलका लागि पेश भएको नापी किताव तथा ठेक्का विल पेश गर्नुपर्ने रु..... | ४७२७७९.०० |
| ६६. | १७३।०७५।११।१० नगर शिक्षा कोष अनुदान अन्तर्गत तपशिल वमोजिमका तीनवटा विद्यालयलाई निर्माण तथा मर्मत कार्यका लागि रु.७०००००।००उपलब्ध गराएकोमा सो काम गरेको कार्य सम्पन्न प्रतिवेदन पेश नगरेकोले सो कार्यको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु. | ७०००००.०० |

| सि.नं. | विद्यालय | कामको विवरण | रकम |
|---|---|---|---|
| १ | ने.रा.आ.वि.,सिसियाडी | बाउन्ड्री वाल निर्माण | ५०००००।०० |
| २ | ब्रम्ह प्रा.वि. बडहा ४ | भौतिक मर्मत | १०००००।०० |
| ३ | ने.रा.प्रा.वि. गम्हरीया | भौतिक मर्मत | १०००००।०० |

| बजेट उपशिर्षक : विभिन्न | कार्यालय :- श्री बहुदरमाई नगरपालिकाको कार्यालय, पर्सा । आर्थिक बर्ष : २०७५/०७६ | |
|---|---|---|
| **दफा** | **लेखापरीक्षणबाट देखिएको व्यहोरा** | **रकम** |
| ६७. | **लागत सहभागिता:** १८७१०७५।११।२३, खानेपानीको धारा जडान गर्न धारा निर्माण उपभोक्ता समिति संग लागत अनुमान रकम रु.४३३७१३।४४ मध्ये नगरपालिकाले रु.३८८०००।००(८९.४६ प्रतिशत)व्यहोर्ने गरी संझौता भएकोमा कार्यसम्पन्न प्रतिवेदन अनुसार रु.४३०७५१।३४ को काम भएको देखिएकोले सो अनुसार रु.३८५३५०।००मात्र भुक्तानी गर्नुपर्ने देखिन्छ ।तर कार्यालयले यस भौचरबाट रु.४०००००।०० भुक्तानी गरेबाट रु.१४६५०।०० बढी भुक्तानी भएको छ ।यसरी लागत सहभागिता अनुसारको रकम कट्टी नगरी बढी भुक्तानी भएको रकम अशुल गर्नुपर्ने रु.. | १४६५०.०० |
| ६८. | **प्रधानमन्त्री रोजगार कार्यक्रम** : प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगर कार्य पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकताक्रम अनुसार, कामका लागि रोजगार कार्यक्रम अर्न्तगत गाँउपालिकाले काममा लगाउनुपर्नेमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन । श्रमिकलाई रोजगार बापतको पारिश्रमिक बैंक खातामार्फत भुक्तानी गर्नुपर्ने वा उपदफा २ बमोजिम सो अवस्था नरहेमा सम्बन्धित स्थानीय तहले सो व्यहोरा निर्णय गरि नगदमै भुक्तानी गर्न सक्नेमा, नगर कार्य पालिकाले सो निर्णयबिना पारिश्रमिक रकम वडा अध्यक्ष वा टोली नेता तोकी निजहरुमार्फत नगद भूक्तानी गरेको देखिएकोले पारिश्रमिक भुक्तानी सम्बन्धित कामदारहरुले प्राप्त गरेको सुनिश्चित गर्न सकिएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लिखित व्यवस्थाहरुको पालना गरी योजना छनौट गर्नु पर्दछ । | |
| ७०.१ | भौ नं. १९ मिति ०७६।०३।३१ , नाला तथा कल्भर्ट निर्माण कार्यको सरसफाई कामदारहरु जम्मा १३० कामदारको पारीश्रमीक रु १९५१६८७ भुक्तानी भएको छ । स्थलगत निरिक्षण गर्दा अधिकांस नालाहरुमा फोहोर जाम भई प्रदुसित रहेको देखियो । यसरी जे उदेश्यको लागि कामदारहरु खटाइएको हो सो अनुसारको कार्य प्रभावकारी नभएकोले खर्च रकम नियम सम्मत देखिएन । रु | १९५१६८७.०० |
| |  नगर क्षेत्रभित्र रहेको नालीहरुको दूरावस्था र नालि तथा सडक अतिक्रमण गरी गरिएको पशुपालन | |
| | **सामाजिक सुरक्षा कार्यक्रम** | |
| ६९. | **अभिलेख अद्यावधिक :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ७ बमोजिम प्रत्येक स्थानीय तहले मन्त्रालयको स्वीकृति बिना कुनैपनि प्रकारका सामाजिक सुरक्षा भत्ता नगद वितरण गर्न नपाइने र प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्र भित्रका सबै लक्षित वर्ग तथा समूहको तथ्याङ्क केन्द्रीय पञ्जिकरण विभागको MIS system मा Online प्रविष्टी गरी अद्यावधिक गरेको तथ्याङ्कको आधारमा नजिकको बैंकको शाखाबाट खाता सञ्चालन गरी वितरण गर्नुपर्ने व्यबस्था छ । नगरपालिकाले सो बमोजिम अभिलेख अध्यावधिक गरेको छैन । अद्यावधिक अभिलेख बेगर गरीएको भुक्तानीले सहि र यथार्थ चित्रण गरेको छैन । सामाजिक सुरक्षा खर्च सम्बन्धमा देखएका थप व्यहोराहरु निम्न छन: | |

| बजेट उपशिर्षक : विभिन्न | कार्यालय :- श्री बहुदरमाई नगरपालिकाको कार्यालय, पर्सा । | आर्थिक बर्ष : २०७५/०७६ |
|---|---|---|
| **दफा** | **लेखापरीक्षणबाट देखिएको व्यहोरा** | **रकम** |
| ६९.१. | नगर कार्य पालिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण अद्यावधिक गरेको देखिएन भने तीन वटै चौमासिकको सामाजिक सुरक्षा भत्ता रकम रु. ४ करोड ५५ लाख ८१ हजार नगदमा बुझाएको देखियो । नगद बितरणको लगभग ९५ प्रतिशत भन्दा बढी ल्याप्चे सहिछापको आधारमा भक्ता बितरण गरेको छ । उल्लेखित अवस्थामा सामाजिक सुरक्षा भत्ता बितरणमा दुरुपयोग हुन सक्ने देखिएकोले व्यबस्थापन पक्षले लाभग्राहीहरुको मुल अभिलेख अद्यावधिक, सो को नविकरण, लगत कट्टा, बितरण प्रणाली र बैंक खाता सञ्चालन लगायत तोकिएका अन्य कार्यहरुलाई बिश्वसनीय र भरपर्दो बनाउनुपर्ने देखिन्छ । बैंकमा खाता खोली बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्दछ । | |
| ६९.२. | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को बुँदा नं.११ अनुसार सामाजिक सुरक्षा सम्बन्धी अनुसूची ८, ९, १०, ११ र १२ तयार गरी सोको आधारमा भत्ता खर्च लेख्नुपर्ने व्यवस्था उल्लेख छ । सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको परिचयपत्र सहितको नामावली अद्यावधिक नहुँदा भत्ता नपाउने व्यक्तिले भत्ता भुक्तानी लिई खर्चमा अनियमितता हुन जाने सम्भावना विद्यमान छ । | |
| ६९.३. | नगर कार्यपालिकाको निकासाको आधारमा निर्देशिकाले व्यवस्था गरे अनुसार सबै अनुसूचीको भिडान गरी सामाजिक सुरक्षा भत्ता खर्च लेख्ने र अघिल्लो चौमासिकमा भएको नविकरण, लगत कट्टाको अभिलेखलाई अद्यावधिक गरेर मात्र अर्को चौमासिकको किस्ता बैंक मार्फत भुक्तानी गर्नु पर्दछ । सो बिपरीत अभिलेख अद्यावधिक नगरी अघिल्लो चौमासिक भन्दा पछिल्लो चौमासिकमा निम्नानुसार बढी खर्च लेखेको रकमको सम्बन्धमा बिबरण अध्यावधिक गरी खर्च लेख्न मिल्ने प्रमाण पेश गर्नु पर्दछ । अन्यथा थप छानबिन गरी असूल गर्नु पर्दछ । | |

| वडा नं | भक्तानी भौचर | पहिलो चौमासिक | दोस्रो चौमासिक | तस्रो चौमासिक | वडा सचिवको नाम | पेश्कि बाँकि |
|---|---|---|---|---|---|---|
| १ | १३,२४ | १४१७६०० | १४६९६०० | १४४१६०० | दिनेश प्रसाद कुम्हाल | १४४१६०० |
| २ | ५,१७ | २४१६८०० | २४२८८०० | २४४०८०० | राम अयोध्या प्रसाद | २४४०८०० |
| ३ | ३,१८,३६ | १६३५२०० | १६६०८०० | १५४९६०० | प्रमोद यादव | ० |
| ४ | ७,२६,३१ | १७८४००० | १७६४००० | १८०८००० | राम अयोध्या प्रसाद | ० |
| ५ | ४,१८,३३ | २१७८४०० | २१३१२०० | २१३८४०० | प्रमोद यादव | ० |
| ६ | ७, २६, ३१ | १४८४००० | १४८८००० | १४८८००० | प्रेम किशोर साह | ० |
| ७ | १५, २२,३४ | १३५३६०० | १३६२४०० | १३०२४०० | दिलिप कुमार गुप्ता | ० |
| ८ | ९,१९,३५ | १२०४००० | १२८०००० | ११९९२०० | हिरदेश नारायण पर्वत | ० |
| ९ | १४, २५ | १७२१६०० | १७४१६०० | १७०९६०० | दिनेश प्रसाद कुम्हाल | १७०९६०० |
| | **जम्मा** | १५१९५२०० | १५३२६४०० | १५०७७६०० | **४५५९९२००** | ५५९२००० |

| | | |
|---|---|---|
| ६९.४. | उपरोक्त तालिका बमोजिम घटना अध्यावधिक विविरण बेगर वडा नम्बर १ मा पहिलो भन्दा दोस्रो चौमासिकमा बढी खर्चलेखेको रु. ५२०००.००, वढा नम्बर २ मा पहिलो भन्दा दोस्रोमा रु. १२०००.००, वडा नम्बर ३ मा पहिलो भन्दा दोस्रो चौमासिकमा बढी खर्चलेखेको रु. २५६००।००, वडा नम्बर ४ मा दोस्रो भन्दा तेस्रो चौमासिकमा बढी खर्च लेखेको रु. ४४०००।००, वडा नम्बर ५ मा दोस्रो भन्दा तेस्रो चौमासिकमा बढी खर्च लेखेको रु. ७२००, वडा नम्बर ६ मा पहिलो भन्दा दोस्रो र तेस्रो चौमासिकमा बढी खर्चलेखेको रु. ८०००.००, वडा नम्बर ७, ८, ९ मा पहिलो भन्दा दोस्रो चौमासिकमा बढी खर्चलेखेको क्रमश रु. ८८००.००, ७६०००.००, २००००.०० समेत प्रमाण सहितको अध्यावधिक बिबरण बेगर बढी खर्चलेखेको रु. **२ लाख ५३ हजार ६००** को बिबरण अद्यावधिक गरी प्रमाण पेश गर्ने अन्यथा असूल गर्नु पर्दछ । रु...... | २५३६००.०० |
| ६९.५. | **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ को उपनियम ३ मा पेश्की लिएको प्रयोजन सकिएपछि तोकिएको म्याद भित्र नियमावली बमोजिमको कार्यविधि अपनाई एक्काइस दिन भित्र कार्यालयलाई फछ्र्यौट गरिसक्नुपर्ने व्यवस्था छ । समयमा पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण | ५५९२०००.०० |

| बजेट उपशिर्षक : विभिन्न | कार्यालय :- श्री बहुदरमाई नगरपालिकाको कार्यालय, पर्सा । | आर्थिक बर्ष : २०७५/०७६ |
|---|---|---|
| **दफा** | **लेखापरीक्षणबाट देखिएको व्यहोरा** | **रकम** |
| | पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक दश प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । उपरोक्त विवरण अनुसार वडा नम्बर १, २ र ९ को रु. ५५ लाख ९२ हजार पेश्की फछ्र्योट नभई बाँकी रहेकोले नियमानुसार फछ्र्योट हुनु पर्दछ ।रु | |
| ६९.६. | नगरपालिका स्थित ९ वटा वडा कार्यालयले विभिन्न भर्पाइ मार्फत बितरण गरेको जेष्ठ नागरिक तथा सामाजिक सुरक्षा भत्ता मध्ये प्रथम किस्ताको वडा नं. ३ र ५ को साथै वडा नं ५ कै औषधी उपचार खर्च अलग्गै भरपाई बाट वितरण गरीसकेपछि पनि पुन सि.नं. १५२ देखि १६६ सम्म जम्मा १५ जनालाई औषधी उपचार र जेष्ठ नागरिक दुवैगरी रु ८ हजार बुझाएकोले प्रतिव्यक्ति रु ४ हजार बढी बुझाएको समेतको विवरण निम्नानुसार रहेको छ । उक्त बढी भुक्तानी भएको रकम यथाशिघ्र असूल गर्नु पर्ने रु...... | ३७२०००.०० |

| वडा नं. | किस्ता | समूह | अनूसूची बमोजिमको संख्या | भपाई संख्या | बढी भर्पाइ संख्या | बढी खर्च |
|---|---|---|---|---|---|---|
| ३ | प्रथम | जेष्ठ नागरिक | १०५ | १३५ | ३० | २४००००.०० |
| ३ | प्रथम | दलित | १२ | १३ | १ | ८०००.०० |
| ३ | प्रथम | एकल महिला | ६८ | ७१ | ३ | १२०००.०० |
| २ | प्रथम | जेष्ठ नागरीक | २०४ | २१५ | ११ | ८८०००.०० |
| २ | प्रथम | दलित | २० | २६ | ६ | २४०००.०० |
| | | **प्रथम** | | | | **३७२०००.००** |

| | | |
|---|---|---|
| ६९.७. | वडा नम्बर ५ का वडा सचिव श्री प्रमोद यादबले बिबरण अद्यावधिक नगरी औषधी उपचार खर्च १५७ जनालाई वितरण गरेकोमा जेष्ठ नागरीक भत्ता बढीमा १५७ जनालाई मात्र बितरण हुनुपर्नेमा १६६ जनालाई बितरण गरी ९ जनालाई बढी बितरण गरेको देखिएको रु. ३६ हजार असूल गर्नु पर्दछ । रु...... | ३६०००.०० |
| ६९.८. | औषधी उपचार खर्च अलग्गै भरपाईबाट वितरण गरीसकेपछि सि.नं. १५२ देखि १६६ सम्म १५ जनालाई जेष्ठ नागरीक र औषधी उपचार दुबै गरेर प्रति व्यक्ति रु. ८ हजार बुझाएकोले औषधी उपचार बापतको प्रति व्यक्ति रु. ४ हजारले रु. ६० हजार दोहोरो भुक्तानी भएको देखिदा उक्त रकम असूल गर्नु पर्दछ । रु....... | ६००००.०० |
| ६९.९. | वडा नम्बर ६ मा २ जनाको बाल संरक्षण अनुदान रकम रु. ३२००.०० जन्मदर्ता र भरपाई बेगर खर्च लेखेकोले उक्त रकम असूल गर्नु पर्दछ । रु............... | ३२००.०० |
| | **बित्तिय समानिकरण** | |
| ७०. | **विरगञ्जमा घर भाडा** : यस नगरपालिकाले विरगंज महानगरपालिकाको अलग अलग दुई स्थानमा घर भाडामा लिएको छ । सो मध्ये विरगंज महानगरपालिका वडा नं. १३ मा रहेको मासिक रु १६५०० भाडामा सम्पर्क कार्यालयको रुपमा कार्यालय खडा गरिएको भनिएता पनि हाल प्रमुख प्रशासकिय अधिकृत को क्वाटर रहेको र सम्पर्क कार्यालयको लागि लिएको जानकारी प्राप्त भएको छ । त्यस्तै विरगंज महानगरपालिक वडा नं. २ मा मासिक रु ८०००मा लेखा अधिकृत को क्वाटरका लागि भाडामा लिएको देखियो । सो भाडा बापतको रकम निज आफैले सम्झौता गरी कार्यालयले रकम भुक्तानी गरेको देखियो । नगरपालिकाको क्षेत्र भन्दा बाहिर सम्पर्क कार्यलय खडा गर्नु संघियताको मर्म विपरीत छ । यसले सेवा प्रवाहमा समेत प्रतिकुल प्रभाव पार्दछ । प्रमुख प्रशासकिय अधिकृत र लेखा अधिकृतलाई नगरपालिकाको क्षेत्र भन्दा बाहिरको घरभाडा भुक्तानी दिन मिल्ने व्ययस्था निजामति सेवा ऐन, नियम र अन्य कुनै प्रचलित ऐन नियममा देखिएन । तसर्थ खर्च रकम अनियमित देखियो । रु.. | २९४०००।०० |
| ७१. | **साइकल वितरण :** यस नगरपालिकाले दुई माध्यमिक विद्यालय महावी साह मा.वि, मगरदाइ र ने.रा.मा.वीका कक्षा ९,१०,११,१२ का छात्राहरुलाई साइकल वितरण गरेको छ । के आधारमा विद्यालय | |

| बजेट उपशिर्षक : विभिन्न | कार्यालय :- श्री बहुदरमाई नगरपालिकाको कार्यालय, पर्सा । | आर्थिक बर्ष : २०७५/०७६ |
|---|---|---|
| **दफा** | **लेखापरीक्षणबाट देखिएको व्यहोरा** | **रकम** |
| | छनौट गरेको हो स्पष्ट छैन । विद्यार्थी भर्ना के कति रहेको छ । उपस्थिति के कस्तो रहेको छ सो बारेमा विश्लेषण समेत नगरी भरपाई का आधारमा साइकल वितरण गरेको छ । साइकल खरिद गर्नु अगाडी माग र आपूर्ति विश्लेषण नगरी साइकल संख्या अनुमानका आधारमा खरिद गरिएको छ । नगरपालिका क्षेत्र भित्रका सबै विद्यालयमा अध्ययन गर्ने जेहेन्दार र आर्थिक अवस्था कमजोर भएका छात्राहरुलाई पहिलो प्राथमिकता दिई साईकल बितरण गरीनु पर्दछ ।<br>साथै भैचर नम्बर २४० – २०७५।१२।५ बाट २४० थान साइकल खरिद भएको मा २३० थानको मात्र भरपाई पेश भएको छ । बिगतको खरीदबाट मौज्दात रहेको साईकल समेत यकिन गरी रु.६३१३९.०० मुल्यका थप १० थान साइकल जिन्सी खाता अद्यावधीक गरी मौज्दात कायम गर्नु पर्ने देखियो । | ६३१३९.०० |
| | **समानिकरण अनुदान (पूजीगत खर्च तर्फ)** | |
| ७२. | **कर विजक :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक फर्मले मुल्य अभिवृद्धि कर नियमावली , २०५३ को अनुसुचि ५ वमोजिमको ढाँचामा विजक जारी गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले भौ.नं. ३३६ मिति २०७६।१।३१ मा बागमती ह्युम पाइप उद्योग ( ३००१५४४३०)सँग रु. १९८४५३.०० को ह्युम पाइप खरिद गरेकोमा मु.अ.करमा दर्ता भएको तर कर विजक जारी नगरेकोले खर्च रकम बिश्वसनिय देखिएन । तसर्थ कारोवार भएको समयमा जारी गरेको कर विजक भए पेश गर्ने अन्यथा उक्त रकम असूल गर्नु पर्दछ । रु | १९८४५३।०० |
| ७३. | **लागत सहभागिता:** भौ.नं. २०४ मिति २०७५।१२।१ विद्युत जडान तथा सडक बत्ती तथा पोलसार्ने कार्यका लागि रु ११६६४२०।०० रकम खर्च भएकोमा उपभोक्ता समिति को अंश १० प्रतिशत कट्टी गरी मात्र भुक्तानी गर्नुपर्नेमा पुरै रकम भुक्तानी गरेको छ । सो १० प्रतिशतले हुने रकम रु ११६६४२।०० यथाशिघ्र असूल गर्नुपर्दछ । रु.. | ११६६४२।०० |
| ७३.१ | भौ.नं. २०७ मिति २०७५।१२।३ फरजन मियाको घर देखि रामवलक ठाकुरको घर सम्म सडक तथा नाली निर्माण कार्यका लागि सम्झौता अनुसार समितिको अंश ६१५६३।४४ र नगरपालिकाको रु ५५४०७१।०० समेत रु ६१५६३४।०० भएकोमा बढी कार्यको मूल्यांकन गरी शुरु सम्झौताको समितिको अंश समेत पुरै रकम रु ६१५६३४।०० भुक्तानी भएकोमा समिति को अंश रु ६१५६३।४४ असूल गर्नुपर्दछ । | ६१५६३।४४ |
| ७४. | भौ.नं. २०९ २०७५।१२।४ विभिन्न तरकारीका विउ विजन वितरण कार्यका लागि रु ५ लाख खर्च भएकोको छ । उक्त विउ विजन वितरण गरेको भरपाई, के कसरी वितरण गरेको हो सो को विवरण तथा यसबाट भएको आयआर्जन इत्यादि कुरा को अभिलेख राखेको छैन । यसबाट लक्ष्यीत समूह लाभान्वित हुन सके वा सकेनन यकिन हुन सकिएन । अत खर्चको पुष्ट्याई गर्ने आवश्यक प्रमाण कागजात पेश हुनुपर्दछ । | ५०००००।०० |
| ७५. | भौ.नं. २१० २०७५।१२।४, डिपबोरिङ सामान खरिद गरी रु ५०७५६४ खर्च लेखेकोमा कुन योजनाको लागि खरिद भएको हो खुलाई नापी किताबमा उक्त सामान प्रविष्टि गरेको प्रमाण पेश हुनुपर्दछ । | ५०७५६४।०० |
| ७६. | भौ.नं. २१२ मिति २०७५।१२।५ मेयर कप खेलकुद को लागि रु २३९५६०।०० को भलीवल ५, फुटबल ५, व्याटमिन्टन १०, लगायत ७ प्रकारका सामाग्रीहरु खरिद गरेकोमा छनौट भएका खेलाडीहरुले बुझेको भरपाई पेश भएको छैन । भरपाई पेश हुनुपर्दछ । | २३९५६०।०० |
| ७७. | **तालिम:** स्थानिय सरकार सञ्चालन ऐन सम्बन्धी तालिम वापत श्री एग्रिकल्चर एण्ड स्किल डेभलपमेन्ट प्रा.ली. लाई रु. २५०५६४.०० भुक्तानी दिएकोमा उक्त संस्थाले स्थानिय शासनका बिज्ञहरु आफ्नो रोष्टरमा भएको प्रमाण पेश नगरेकोले खर्च रकम नियमित देखिएन । रु.... | २५०५६४.०० |
| ७८. | **एक करोड भन्दा बढीको काम समितिलाई:** सार्बजनिक खरीद नियमावली, २०६४ मा रु १ करोड सम्म लागत अनुमान भएको काम उपभोक्ता समितिबाट गराउन सक्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार एक करोड माथिको सोलार स्ट्रिटलाईट खरीद तथा जडान गर्न बहुदरमाई उज्यालो उपभोक्ता समिति फेज १ र फेज २ भनि दुई वटा प्याकेज बनाई सम्झौता गरेको छ । दुबै सम्झौताको उपाध्यक्षमा सम्पत्ती कुश्वाहा रहेको तथा मुन्ना पटेल, सरस्वती देवी, रामेश्वर ओझा, रजाक मिया लगायतका व्यक्तीहरु दुबै समितिमा | |

| बजेट उपशिर्षक : विभिन्न | कार्यालय :- श्री बहुदरमाई नगरपालिकाको कार्यालय, पर्सा। | आर्थिक बर्ष : २०७५/०७६ |
|---|---|---|
| **दफा** | **लेखापरीक्षणबाट देखिएको व्यहोरा** | **रकम** |
| | पदाधिकारी र सदस्यको रुपमा रहेकोले एउटै समिति रहेको र बोलपत्र छल्न मात्र दुई प्याकेज बनाई समिति मार्फत कार्य गर्न अलग अलग प्याकेज बनाएको देखिन्छ । सार्बजनिक खरीद ऐन नियम बिपरीत भएको उक्त खर्च अनियमित देखियो । कानुन बिपरीत टुक्रा प्याकेज बनाई समितिसंग सम्झौता गर्ने र खर्च गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ । सोलार स्ट्रिट लाईट खरीद सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्न छन : | |

| प्याकेज | सम्झौता रकम | | |
|---|---|---|---|
| | कार्यलयको अंश | समितिको अंश | जम्मा |
| १ | ४८९३५९२ | २५७५५८ | ५१५११५८ |
| २ | ८७८६७७८ | ४६२४६२ | ९२४९२४० |
| **जम्मा** | **१३६८०३७०** | **७२००२०** | **१४४००३९८** |

| | | |
|---|---|---|
| ७८.१ | **दबै प्याकेजको गरेर १२२ सेट** सोलार स्ट्रिटलाईट खरीद गर्ने सम्झौता भएकोमा बिक्रि पश्चातको सेवाको लागि १२२ सेटको प्रतिसेट ३००० को दरले मु.अ.कर थप समेत रु. ४१३५८०.०० भुक्तानी गरीने सम्झौतामा उल्लेख छ । उक्त रकम डिएलपी पिरियडमा मर्मत संभार गर्नुपर्ने भएमा बास्तबिक खर्चको आधारमा भुक्तानी दिनु पर्नेमा ढुवानीको आईटममा समावेश तथा थप गरी (आईटम नम्बर ७ र ८ लाई मर्ज गरी) खरीदकै बखत भुक्तानी दिएको छ । गर्न बाँकी कामलाई सम्झौता बिपरीत शुरुमै भुक्तानी भएको रकम असूल गर्नु पर्दछ । रु........ | ४१३५८०.०० |
| ७८.२ | स्थानिय निकायमा उपभोक्ता समिति मार्फत काम गराउदा न्यूनतम १० प्रतिशत समितिको योगदान हुनु पर्नेमा ५ प्रतिशतमात्र योगदान हुने गरी सम्झौता तथा भुक्तानी गरेको छ । सिमा भन्दा बढीको रकम समिति मार्फत कार्य गराउने र समितिको योगदान पनि कम हुने गरी सम्झौता गर्ने कार्य गैर कानुनी देखियो । तसर्थ दुबै प्याकेजको कुल सम्झौता तथा भुक्तानी रकम रु. १४४००३९८.०० को नपुग ५ प्रतिशतले हुने रकम रु. ७२००२०.०० असूल गर्नु पर्दछ । रु... | ७२००२०.०० |
| ७८.३ | पहिलो प्याकेजमामा लिथियम आईरन फोस्फोरस फोस्फेट ८२ AH प्रतिगोटा रु. २० हजारले लागत अनुमान तयार गरेकोमा दोस्रो प्याकेजमा स्विकृत नर्म्स बेगर प्रतिगोटा २५ हजारले लागत अनुमान स्विकृत गरी सोहि बमोजिम सम्झौता तथा भुक्तानी भएको छ । अन्य आईटमहरुको दररेट दुबै प्याकेजमा एउटै गरेको देखिन्छ । सिमा भन्दा बढीको रकम बिना प्रतिस्पर्धा समिति मार्फत खर्च लेख्ने र बढी दररेटमा भुक्तानी गर्ने पदाधिकारीबाट प्रतिगोटा बढी भुक्तानी रु. ५ हजारको दरले ७७ गोटाको १३ प्रतिशत मु.अ.कर समेत बढी भुक्तानी भएको रु.४३५०५०.०० असूल गर्नु पर्दछ । | ४३५०५०.०० |
| ७८.४ | दुबै प्याकेजका १२२ थान सोलार स्ट्रिटलाईट मुल्य समेत खुलाई नगरपालिकाको जिन्सी खातामा आम्दानी बाँधी संरक्षण गर्नु पर्दछ । | |
| ७९. | **अवलोकन भ्रमण:** नगरपालिकाले अवलोकन भ्रमणमा निम्नानुसार रु.४६४२५०.०० खर्च गरेको छ । अवलोकन भ्रमणबाट नगरपालिकाको सेवा प्रवाहमा भएको सुधार देखिने नतिजा सूचकहरु लेखापरीक्षणमा पेश भएन । तसर्थ यस किसिमको अनुत्पादक खर्चमा नियन्त्रण गर्नु पर्दछ ।रु...... | ४६४२५०.०० |


| भौ.नं., मिति | भ्रमणको बिषय | भ्रमण स्थान | खर्च रकम |
|---|---|---|---|
| ६२३-२०७६/३/३१ | महिला समुह अवलोकन | सौराहा, सहिद पार्क, लुम्बीनी | १९८२५०.०० |
| ६२४-२०७६/३/३१ | जनप्रतिनिधी र कर्मचारी अवलोकन भ्रमण | लुम्बिनी, सहिदपार्क, सिजी मन्दीर नवलपरासी | १६६०००.०० |
| ६४९-२०७६/३/३१ | जनप्रतिनिधी र कर्मचारी अवलोकन भ्रमण | इलाम, धरान , धनकुटा | १०००००.०० |
| | | **जम्मा** | **४६४२५०.००** |

| | | |
|---|---|---|
| ८०. | **पेश्कि बाकि :**सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११३ मा पेश्कि भुक्तानी गर्ने र फछ्र्यौट गर्ने सम्वन्धी व्यवस्था छ ।नियमको परिधि भित्र रहेर दिएको पेश्कि सोहि नियममा उल्लेख भए बमोजिम फछ्र्यौट गर्नुपर्दछ ।कार्यालयले उपलव्ध गराएको पेश्कि बाकिको विवरण अनुसार गतविगत बर्षमा दिएको | |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| | पेश्कि कती वाकि छ भन्ने स्पष्ट देखिएन,जसले गर्दा सोको विवरण समावेश गरीएको छैन ।यो बर्ष दिएको तपशिल बमोजिमको पेश्कि आ.व. को अन्त्य सम्म रु. ६० लाख फछ्र्यौट हुन वाकि देखियो । नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।रु...... सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२क. मा यसरी पेश्की प्रदान गर्दा सम्झौतामा उल्लेख भएको कार्यको लागि छुट्टै खोलिएको बैंक खाता मार्फत मात्र भुक्तानी हुने र पेश्की रकम कुन प्रयोजनको लागि खर्च भएको हो सोको बिबरण अद्यावधिक गरी सम्बन्धित सार्वजनिक निकायलाई उपलब्ध गराउने व्यबस्था भएकोमा सोको पालना भएको पाइएन । ऐनको व्यबस्थाको पालना नभएबाट गत बिगतमा प्रदान गरीएको रु. १८ लाख ७८ हजार समेत रु. ७८ लाख १८ हजार पेश्कि रकम सम्बन्धित कार्यमै खर्च भए नभएको सुनिश्चित हुने आधार देखिएन । यस सम्बन्धमा छानबिन गरी सम्बन्धित ठेक्काको कामबाहेक अन्यत्र पेश्कि रकम प्रयोग गरेको देखिए कारबाहि हुनु पर्दछ । | ६००००००।०० |

| सि.नं. | पेश्कि लिनेको नाम | रकम |
|---|---|---|
| १ | बिश्रामपुर सडक ढलान उपभोक्ता समिति | ३००००००.०० |
| २ | आश्रय अंकित जे.भि. | ३००००००.०० |
| | **जम्मा** | ६००००००.०० |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| ८१. | **एक करोड उनन्नसय लाख लागतको बिश्रामपुर सडक समितिलाई:** सार्वजनिक खरीद नियमावली, २०६४ मा रु १ करोड सम्म लागत अनुमान भएको काम उपभोक्ता समितिबाट गराउन सक्ने व्यवस्था छ । सो बिपरीत लगातारको चेनेज भएको बिश्रामपुर सडक निर्माणको कार्यलाई ९९ लाख ७१ हजार र ९९ लाख ७४ हजारको २ प्यकेज तयार गरी कार्यालयले बिश्रामपुर सडक ढलान उपभोक्ता समितिसग सम्झौता गरी एक प्याकेजमा रु. ३० लाख मोविलाइजेसन पेश्कि समेत प्रदान गरेको छ । एउटै सडक निर्माणको कार्यलाई बोलपत्र छल्न मात्र दुई प्याकेज बनाई रु. १ करोड ९९ लाख ४५ हजारको सडक निर्माण कार्य समिति मार्फत कार्य गरेको देखिन्छ । सार्वजनिक खरीद ऐन नियम बिपरीत भएको उक्त सम्झौता अनियमित देखियो । कानुन बिपरीत टुक्रा प्याकेज बनाई समितिसंग सम्झौता गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ । | |




समिति मार्फत निर्माणाधिन बिश्रामपुर सडक

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| ८२. | **सटहि गर्न बाँकि चेक:** आर्थिक बर्षको अन्तमा कार्यसम्पन्न गरेको् जनाई भुक्तानी दिएको कारण पूजिगत खर्चखाता तर्फ १३० चेकको रु. ४ करोड ४० लाख तथा चालु खर्च खाता तर्फ ५० चेकको रु. २ करोड ८५ लाख १३ हजार चेक अर्को आर्थिक बर्षको श्रावण तथा भाद्र महिनामा मात्र बैंक बाट सटहि भएको देखिन्छ । यसले आर्थिक बर्षको अन्त पछि पनि व्याक डेटमा चेक काटी खर्च लेख्न सक्ने जोखिम देखिएकोले आर्थिक बर्ष भित्रै चेक सटहि गर्न मिल्ने गरी कार्यकम सञ्चालन तथा वजेट खर्च गर्नु पर्दछ । | |
| | **निर्वाचन क्षेत्र विकास कार्यक्रम तर्फ :** | |
| ८३. | वडा नं. १ विस्रामपुर पिपरा जाने बाटो कल्भर्ट निर्माण कार्यका लागि कन्टिन्जेन्सी र उपभोक्ताको योगदान समेत गरी रु २६९४४४।४४ को लागत अनुमानमा मिति २०७६।२।१४ मा सम्झौता गरी मिति २०७६।३।३० मा सम्पन्न गर्ने भनिएको भएता पनि २०७६।०६।२५ मा फाउन्डेसनको केही काम मात्र गरी रु ७०५४६१ को कार्य सम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी भएको छ । यसरी निर्माण सम्पन्न नभई विचमै काम छोड्नु | |

| बजेट उपशिर्षक : विभिन्न | कार्यालय :- श्री बहुदरमाई नगरपालिकाको कार्यालय, पर्सा। | आर्थिक बर्ष : २०७५/०७६ |
|---|---|---|
| **दफा** | **लेखापरीक्षणबाट देखिएको व्यहोरा** | **रकम** |
| | सम्झौता विपरित भएको र निर्माण समेत अलपत्र परेको छ। यस वर्ष समेत उक्त निर्माण कार्यले निरन्तरता पाएको छैन। यस्तो कार्यले रकम अनुत्पादक रुपमा खेर गएको छ। नतिजामूलन कार्य समेत नभएको र यस बाट जनसमूदायको उदेश्य समेत पुरा नभएको पाइयो। यस्तो कार्य गर्ने उपभोक्ता समितिलाई जिम्मेवार बनाई कालोसूचीमा राखी कारवाही गर्नुपर्दछ।साथै सम्झौता बमोजिम कार्य सम्पन्न नभएको स्थानमा आंशिक कामलाई आधार मानी कार्य सम्पन्न प्रतिबेदन तयार गरी भुक्तानी गर्न मिल्ने कानुनी आधार पेश गर्नु पर्दछ। अन्यथा कार्य सम्पन्न नभई कार्यसम्पन्न प्रतिबेदन तयार गर्ने र सो बमोजिम भुक्तानी दिने पदाधिकारीलाई जिम्मेवार बनाई उक्त रकम असूल गर्नु पर्दछ। रु... | ७०५४६१.०० |
| | **सडक बोर्ड तर्फः** | |
| ८४. | **अग्रिम करः** आयकर ऐन, २०५८ को दफा ८८(१) ८मा ढुवानी सेवा वापतको भुक्तानीमा २.५ प्रतिशतले कर कट्टी गर्नुपर्ने व्यवसथ छ। निम्नानुसारको निर्माण कार्यको ढुवानी वापतको रकममा २.५ प्रतिशतले कर कट्टी गरी दाखिला नगरेकोले यथाशिघ्र दाखिला गर्नु पर्दछ। | १३२१९८.०० |

| सिं.न | भौ.नं. र मिति | निर्माण कार्य | रकम | २.५ प्रतिशतले हुने कर |
|---|---|---|---|---|
| ३ | २/०७५/७/७ | ट्याक्टर नं. ना.२ त ११३७, ढुवानी तथा निर्माण सामाग्री | १५००००० | ३७५००.०० |
| ४ | ३/०७५/७/७ | सडक मर्मत | ४५१९२९ | ११२९८.०० |
| ५ | ५/०७५/७/१५ | विश्रामपुर नारा रामनगरी सडक मर्मत | १३७७००० | ३४४२५.०० |
| ६ | ९/०७६/३/२८ | छपकैया ढोगही मधुवन सडक माटो पुरी ग्राभल | १९५९००० | ४८९७५.०० |
| | | **जम्मा** | | **१३२१९८.००** |

| | | |
|---|---|---|
| | **प्रदेश सरकार शर्सत अनुदान तर्फ :** | |
| ८५. | **सम्झौता बमोजिम काम नसकि कार्य सम्पन्नः** भौ.नं. २ मिति २०७६।३।२७, ब्रम्ह स्थान सानोमाई मन्दिर निर्माण उपभोक्ता समिति बहुदरमाई ले धर्मशाला र मन्दिर निर्माण का लागि रु २६३८९३१ को लागत मध्ये कार्यालयको अंश २३७५००० रहेको मा कार्य सम्पन्न नभई रु १०१०८०७ को कार्यमूल्यांकन गरी सोही बमोजिमको कार्य सम्पन्न प्रतिबेदन तयार गरी रकम भुक्तानी गरेको छ। यसै गरी भौ.नं. ३ मिति २०७६।३।२७,बाट कर्वागाह पर्खाल निर्माण उपभोक्ता समितिले धर्मशाला रु २६९५७३३ को लागत अनुमान रहेकोमा कार्य सम्पन्न नभई रु १०७१६२८ को कार्यमूल्यांकन गरी सोही बमोजिमको कार्य सम्पन्न प्रतिबेदन तयार गरी रकम भुक्तानी गरेको छ।<br>यसरी निर्माण सम्पन्न नभई विचमै काम छोड्नु सम्झौता विपरित भएको र निर्माण समेत अलपत्र परेको छ। यस वर्ष समेत उक्त निर्माण कार्यले निरन्तरता पाएको छैन। यस्तो कार्यले रकम अनुत्पादक रुपमा खेर गएको छ। नतिजामूलन कार्य समेत नभएको र यस बाट समूदायको उदेश्य समेत पुरा नभएको पाइयो। यस्तो कार्य गर्ने उपभोक्ता समितिलाई जिम्मेवार बनाई कालोसूचीमा राखी कारवाही गर्नुपर्दछ।साथै सम्झौता बमोजिम कार्य सम्पन्न नभएको स्थानमा आंशिक कामलाई आधार मानी कार्य सम्पन्न प्रतिबेदन तयार गरी भुक्तानी गर्न मिल्ने कानुनी आधार पेश गर्नु पर्दछ। अन्यथा कार्य सम्पन्न नभई कार्यसम्पन्न प्रतिबेदन तयार गर्ने र सो बमोजिम भुक्तानी दिने पदाधिकारीलाई जिम्मेवार बनाई उक्त रकम असूल गर्नु पर्दछ। रु... | २०८२४३५.०० |
| ८६. | **उपकरण भाडा :** बहुदरमाई नगरपालिकाको टिपर, ट्याकटर, जे.सि.भी तथा सक्सन मेशिन संचालन कार्यविधि ,२०७५ बमोजिम सक्सन मेशिन प्रयोग बापत प्रति घण्टा रु ७००, ब्याकलाडर(जे.सी.भीं प्रति शिफ्ट रु २०००० र ट्याक्टर प्रतिदिन रु २५०० का दरले भाडा दर तोकिएको छ। यि कार्यविधिहरु २०७६।६।११ मा मात्र स्विकृत भएको जनाई आर्थिक वर्ष २०७४।७५ मा भाडा वापतको आम्दानी शून्य देखाएको छ। तर ति साधन संचालनमा ईन्धन खर्च बापत रु. १३ लाख.लेखांकन भएको छ। भाडा वापतको आम्दानी वित्तिय विवरणमा उल्लेख नगरेको कारण उपकरण संचालन तथा इन्धन खर्चको लगसिट लेखापरीक्षणको क्रममा पेश भएन। तसर्थ ति उपकरणहरु संचालन भएको अवधीको प्राविधिक रुपमा छानबिन गरी भाडा रकम असूल गर्नु पर्दछ। वार्षिक ३६५ दिनमा औषत आधा अवधी अर्थात १८३ दिन | |

**बजेट उपशिर्षक : विभिन्न** **कार्यालय :- श्री बहुदरमाई नगरपालिकाको कार्यालय, पर्सा ।** **आर्थिक बर्ष : २०७५/०७६**

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| | मात्र संचालन भएको मान्दा समेत निम्नानुसार भाडा रकम हानि नोक्सानी पारेको देखिन्छ । रु. | **५३९८५००.००** |

| सि.न. | मेशिनको नाम | भाडा दर | संचालन इकाई | संचालन अवधि | असूल हुनुपर्ने भाडा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ब्याकलोडर(जेसिभी) | २०००० | प्रति सिफ्ट १० घण्टा | १८३ सिफ्ट | ३६६०००० | दैनिक एक सिफ्ट चलेको आधारमा |
| २ | सक्सन मेशिन | ७०० | प्रतिघण्टा प्रतिदिन | १८३० घण्टा | १२८१००० | दैनिक १० घण्टा चलेको आधार लिएको |
| ३ | ट्याक्टर | २५०० | प्रति दिन | १८३ | ४५७५०० | |
| | **जम्मा** | | | | **५३९८५००** | |

**८७.** **धरौटी:** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२४ मा निर्माण कार्यको त्रुटी सच्चाए पछि वा त्रुटि सच्चाउने अवधी सकिएपछि र सम्बन्धित आन्तरीक राजश्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि धरौटी फिर्ता दिने उल्लेख छ । यस सम्बन्धमा आन्तरीक राजश्व बिभाग नीति विश्लेषण शाखाको प.सं. २०७१।७२ च.नं. २३ मिति २०७१।७।१४ को परीपत्र अनुसार कट्टा गरीएको धरौटी रकम सम्बन्धित पार्टीलाई फिर्ता दिदा मु. अ. कर समायोजन ( धरौटी फिर्ता माग गर्ने करदाताले रकम भुक्तानीको लागि जारी गरेको विजक बमोजिमको कारोबार आफ्नो बिक्रि खातामा प्रविष्ट गरेको र सो अनुसार मूल्य अभिबृद्धिकर विवरण पेश गरेको भनि प्रमाणित गर्ने पत्र ) तथा कर चुक्ता प्रमाणपत्र करदाताबाट पेश भई सकेपछि मात्र धरौटी वापतको रकम फिर्ता दिने व्यवस्था छ । नगरपालिकाले निम्नानुसारको कार्यमा कर चुक्ता प्रमाण पत्र तथा कर समायोजन को विवरण बेगर धरौटीको रकम फिर्ता गरेको छ । यसरी आवश्यक विवरण बेगर धरौटी फिर्ता गर्ने आधार नभएकाले सो कार्य नियम सम्मत देखिएन । रु. — **२१८५९२.००**

| सि.नं. | भौचर नं. र मिति | पेश गर्नुपर्ने विवरण | निर्माण व्यवसायी | धरौटि रकम |
|---|---|---|---|---|
| १ | ७/०७५/७/१६ | कर चुक्ता तथा कर समायोजन | एसकाई कन्सट्रक्सन | ८४०००.०० |
| २ | ३८/२०७६/१/१० | कर चुक्ता तथा कर समायोजन | रिद्दी सिद्दी कन्सट्रक्सन | १६२५३.०० |
| ३ | ५०/२०७६/३/३१ | कर चुक्ता तथा कर समायोजन | प्रतिमा निर्माण सेवा | ११८३३९.०० |
| | | | **जम्मा** | **२१८५९२.००** |

**८८** **बेरुजू** : वहुदरमाई नगरपालिकाको प्रारम्भिक प्रतिबेदन अनुसार यो बर्ष असूल गर्नु पर्ने बेरुजू रु ८० लाख ५७ हजार, अनियमित भएको रु २ करोड १ लाख ७२ हजार, प्रमाण पेश नभएको रु.४ करोड १५ लाख ३१ हजार र पेश्की बाँकी रु १ करोड १५ लाख ९२ हजार समेत रु. रु. ८ करोड १३ लाख ५२ हजार बेरुजु कायम भएकोमा प्रतिकृयाबाट २७ हजार असूली समेत रु.३ करोड २४ लाख ३६ हजार फछ्र्यौट भई असुल गर्नुपर्ने रु ८० लाख २९ हजार प्रमाण कागजात पेश गर्नुपर्ने रु २ करोड ६३ लाख ६६ हजार, नियमित गर्नुपर्ने रु २९ लाख २९ हजार र पेश्की बाँकी रु १ करोड १५ लाख ९२ हजार बेरुजु कायम भएको छ ।

**८९** **अनुगमन तथा मुल्यांकन:** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(२)घ ले बेरुजु फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकिय अधिकृतको हुने व्यवस्था छ । सो बमोजिम नगरपालिकाको गत बर्षको बेरुजु रु.४ करोड ९८ लाख ४० हजार फछ्र्यौट गरेको देखिएन । बेरुजुको स्थिति निम्नानुसार देखिएको छ ।

| गत वर्ष सम्मको फछ्र्यौट गर्न बाँकी (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी बेरुजु (C=A-B) |
|---|---|---|
| ३०६८००० | ० | ३०६८००० |

**९०** **अधावधिक बेरुजु स्थिति: नगर**पालिकाको आर्थिक वर्ष २०७५।७६ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहायअनुसार रहेको छ :

| गतवर्ष सम्मको फछ्र्यौट गर्न बाँकी रु. (C) | यो वर्षको सं.प.बाट कायम बेरुजु रु (D) | यो वर्षमा कायम बेरुजु रु. (E) | बाँकी बेरुजु (F=C+D+E) |
|---|---|---|---|

<table>
<tr><td colspan="6">बजेट उपशिर्षक : विभिन्न कार्यालय :- श्री बहुदरमाई नगरपालिकाको कार्यालय, पर्सा । आर्थिक बर्ष : २०७५/०७६</td></tr>
<tr><td>दफा</td><td colspan="4">लेखापरीक्षणबाट देखिएको व्यहोरा</td><td>रकम</td></tr>
<tr><td></td><td>३०६८०००.००</td><td>०.००</td><td>४८९१५८६६.०२</td><td>५१९८३८६६.०२</td><td></td></tr>
</table>

# वहुदरमाई नगरपालिका, पर्सा
## अनुसूची १
## २०७५।७६
## वेरुजू वर्गिकरण

(रु. हजारमा)

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक वेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी वेरुजू | | | बाँकी वेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | पर्सा | बहुदर माई नगरपालिका | ४८ | ४१ | ८१३५२ | ० | ६ | ३२४३६ | ४९ | ३५ | ४८९१६ | ८०२९ | २९२९ | २६३६६ | ० | ० | २९२९५ | ५५९२ | ६००० | ११५९२ |

वहुदरमाई नगरपालिका, पर्सा

अनुसूची २

२०७५।७६

संचित कोष विवरण

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५−९) |
| १. | बहुदरमाइ नगरपालिका | पर्सा | १६०९७१ | १२२७५१ | २५२१६२ | १३२९३ | ३८८२०६ | ४११४९ | १७८०९४ | १९८२१९ | ४१७४६२ | १३१७१५ |

वहुदरमाई नगरपालिका, पर्सा
अनुसूची ३
२०७५।७६
अध्यावधिक वेरुजू स्थिति

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बांकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | बहुदर माई | पर्सा | ३०६८००० | ० | ३०६८००० | ० | ४८९१५८६६।०२ | ५१९८३८६६।०२ |